राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– ११, असोज २४ गते शुक्रबार, २०८२ (10 October, 2025) | www.janajibro.com | मूल्य रु. १०।-

# राजदूत–कूटनीतिज्ञलाई प्रमको सम्बोधन

## नेपालमा भएको परिवर्तनका विषयमा सम्बन्धित मुलुक र सरोकारवालालाई जानकारी गराउन निर्देशन

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले बुधबार विदेशस्थित सबै नेपाली नियोग प्रमुखलाई 'भर्चुअल' सम्बोधन गर्दै विभिन्न विषयमा निर्देशन दिएकी छन् । सम्बोधन गर्दै उनले नेपालमा भएको परिवर्तनका विषयमा सम्बन्धित मुलुक र सरोकारवालालाई जानकारी गराउन निर्देशन दिएको जानकारी परराष्ट्र मन्त्रालयका सहसचिव एवं प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले दिएका छन् ।




यस्तो छ, प्रधानमन्त्री कार्कीद्वारा विदेशस्थित नेपाली राजदूत/नियोग प्रमुखहरूलाई गरेको सम्बोधनको पूर्णपाठ : *परराष्ट्र सचिवज्यू, विदेशस्थित महामहिम नेपाली राजदूतज्यूहरू, परराष्ट्र मन्त्रालय र नेपाली नियोगहरूमा कार्यरत सम्पूर्ण राष्ट्रसेवकहरू कर्मचारी साथीहरू,* यहाँहरू सबैलाई थाहै छ, गत भाद्र २३ र २४ को जेन-जी पुस्ताको बलिदानीपूर्ण आन्दोलनबाट सिर्जित यस विशिष्ट परिस्थितिमा हामी आज भर्चुअल माध्यमबाट जोडिएका छौं । आन्दोलनका क्रममा ठूलो जनधनको क्षति भएको छ । सयौं घाइतेहरू अझै पनि उपचाररत हुनुहुन्छ । जेनजी पुस्ताको आन्दोलनले हामीलाई वास्तवमै एउटा नयाँ धरातलमा उभ्याएको छ । उनीहरूका अपेक्षाहरू सम्बोधन गर्न हामी अहोरात्र खट्नुपर्ने समय आएको छ । हामी अवसर र चुनौतीहरूको सम्मुखमा खडा भएका छौं । चुनौतीहरूको सामना गर्दै देशलाई लोकतन्त्र र समतामूलक समृद्धिको मार्गमा बलियोसँग उभ्याउने जिम्मेवारी यो सरकारलाई आइपरेको छ ।

वर्तमान सरकारको काँधमा ५ मार्च २०२६ (२०८२ फागुन २१) मा आम निर्वाचन सम्पन्न गर्ने जिम्मेवारी रहेको छ । निर्वाचनको मिति आउन अब पाँच महिनाभन्दा पनि कम समय बाँकी छ । साथै, नयाँ पुस्ताले हामीबाट

क्रमशः अन्तिम पृष्ठमा

# चुनावमा जाने विषयमा आमसहमति : प्रचण्ड

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)ले प्राकृतिक विपदबाट पूर्वी नेपालमा भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै प्रभावित नागरिकको उचित व्यवस्थापन गर्न आग्रह गरेको छ । पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा सोमबार बसेको महाधिवेशन आयोजक समितिको सचिवालय बैठकले विपदपछिको पुनर्निर्माणमा एकजुट भएर लाग्न सबैमा आह्वान गरेको हो ।

विपद प्रतिकार्यमा खटिइएका पार्टी नेता तथा कार्यकर्तालाई बैठकले धन्यवाद दिएको प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिए । बैठकमा पछिल्लो राजनीतिक परिस्थितिका बारेमा सामान्य कुराकानी भएको उल्लेख गर्दै प्रवक्ता सापकोटाले दुई दिनपछि बस्ने सचिवालय बैठकमा यसबारेमा विस्तृत छलफल हुने समेत बताए । बैठकमा पार्टी एकता, समाजवादी मोर्चा र संयुक्त मोर्चा विस्तारलगायत विषयमा भइरहेको प्रगतिबारे अध्यक्ष दाहालले 'ब्रिफिङ' गरेको पनि उनले जानकारी दिए ।

बैठकमा महाधिवेशन आयोजक समिति संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले आसन्न प्रतिनिधिसभा निर्वाचनलाई सफल पार्न विघटित संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलसँग छलफल भइरहेको र घोषित मितिमै निर्वाचन सम्पन्न गर्न सकारात्मक वातावरण निर्माण गर्न नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको जानकारी गराएका थिए । 'चुनावमा सहभागिता सम्बन्धमा सबै पार्टीभित्र सकारात्मक छलफल भइरहेको छ, अन्य पार्टीको पनि बैठकहरू बस्दैछन्, चुनावमा जानेमा आमसहमति जस्तै बन्दै छ, माओवादीले त्यसमा नै जोड गरिरहेको छ' संयोजक दाहालको भनाइ उद्दृत गर्दै प्रवक्ता सापकोटाले भने 'निर्वाचनसम्पन्न गरेर मात्रै संघीय लोकतान्त्रिक गणतन्त्र, संविधानलगायत राजनीतिक उपलब्धिलाई जोगाउन सकिन्छ, त्यसकारण चुनावलाई माओवादीले उच्च प्राथमिकतामा राखेको छ ।' बैठकमा महाधिवशेनको कार्यविधि बनाउने, आयोजक समिति निश्चित गर्ने र विचार, संगठन तथा राजनीतिक कार्यदिशाका बारेमा सामान्य छलफल भएको जानकारी दिए ।

महाधिवेशन आयोजक समितिका संयोजक दाहालले घोषित मितिमै निर्वाचन हुनुपर्नेमा जोड दिएका छन् । पार्टी मुख्यालय पेरिसडाँडामा सोमबार बसेको सचिवालय बैठपछि सञ्चारकर्मीसँगको कुराकानीमा संयोजक दाहालले सबै राजनीतिक दलले निर्वाचनमा

क्रमशः अन्तिम पृष्ठमा

# नेतृत्व 'रक्षा' गर्ने कमरेडी काइदा

समय- सन्देश

केदारनाथ गौतम

माओवादी वृत्तमा २०५२ देखि हालसम्म एउटा पदावली निरन्तर रूपले चर्चामा रहँदै आएको छ- 'नेतृत्वको रक्षा' । जनयुद्धकालको विशिष्टतामा यस पदावलीको भिन्न र विशेष अर्थ एवम् खास महत्त्व भए तापनि शान्ति प्रक्रियायता भने यो पदावलीको सुस्पष्ट अर्थान्तरण भएको छ । विशेषतः अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' लाई 'रिझाएर' पार्टीमा चाहे-खोजेजस्तो स्थान वा 'हैसियत' आर्जन एवम् सुरक्षित गर्न र विभिन्न राजकीय ओहोदा प्राप्त गर्न र त्यस्ता ओहोदामा टिक्न लालयित नेता-कार्यकर्ताहरूले 'नेतृत्वको रक्षा' पदावलीलाई बढ्ता प्रयोग गरिरहेको स्पष्टै देखिन्छ । यो पदावली र यसको निहितार्थलाई त्यस्ता व्यक्तिहरूले यथार्थतः आफ्नै रक्षाकवज एवम् उत्तरोत्तर प्रगतिको औजारका रूपमा भरपूर उपयोग गर्दै आएको तथ्य पनि स्पष्ट नै छ ।

नेतृत्वको 'रक्षा' गर्ने सवालमा अरुहरूभन्दा आफू निकै बढी सक्रिय, अब्बल र सक्षम रहेको 'पुष्टि' गर्न माओवादी नेता-कार्यकर्ताको ठूलै हिस्साले चर्को प्रतिस्पर्धा गरिरहेको देखिन्छ । कसैले माने पनि र नमाने पनि नेपाली राजनीतिलाई वर्तमान व्यवस्थासम्म ल्याइपुऱ्याउन, नेपाल राष्ट्र तथा नेपाली जनतालाई राजतन्त्रात्मक अन्धकारबाट मुक्ति दिलाएर गणतान्त्रिक उज्यालोसम्म पदार्पण गराउन र जनवाद हुँदै समाजवादतर्फ लम्कने ढोका खोलिदिन समकालीन राजनीतिकर्मीहरूमध्ये माओवादी नेतृत्वपंक्तिले नै सवैभन्दा ठूलो योगदान पुऱ्याएको हो । यी सत्कर्मका लागि सवैभन्दा बढी दुःख-कष्ट, जोखिम, त्याग र वलिदान माओवादी नेतृत्वले नै व्यहोरेको हो । माओवादी पार्टी र नेतृत्वको सुरक्षा हुन नसक्ने हो भने, तिनले खुट्टा लर्बराउने हो भने र बाटो बिराउने हो भने अबका दिनमा समेत हालसम्म प्राप्त सीमित उपलब्धिहरू नै कायम नरहलान् कि भन्ने चिन्ता सवैमा व्याप्त

क्रमशः दोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- ३१, अङ्क- ११, असोज २४ गते शुक्रबार, २०८२

**सम्पादकीय**

# फागुन २१ मा हुने चुनाव र दलहरूको अलमल

मुलुकमा अठात् सिर्जित नयाँ राजनीतिक परिवेशका बीच २०८४ मा कार्यकाल सकिने प्रतिनिधिसभा अकस्मात 'विघटन' गरेर आउँदो फागुन २१ मा नयाँ निर्वाचन सम्पन्न गराउने घोषणा गरिएको छ। कांग्रेस-एमाले गठबन्धनमा खड्गप्रसाद ओलीको नेतृत्वमा रहेको सरकारलाई जेन-जी प्रदर्शनको आड र कभरमा भएको विध्वंसमार्फत अपदस्त गरिएपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा निर्दलीय चुनावी सरकारको गठनेलगत्तै प्रतिनिधिसभा 'विघटन' गरिएको हो।

वर्तमान संविधानका धारा-उपधाराले गरेको व्यवस्था र विगतमा उनै ओलीले 'विघटन' गरेपछि सर्वोच्च अदालतले स्थापित गरेका नजिरहरू हेर्दा यसपटकको प्रतिनिधिसभा 'विघटन' पनि सोझै असंवैधानिक नै देखिन्छ। यद्यपि परिवर्तित राजनीतिक सन्दर्भमा 'संविधानका अक्षरहरूको केही अर्थ छैन/हुँदैन' भन्नेहरूको पनि कमी छैन। नेकपा (एमाले) ले यही संवैधानिक व्यवस्था एवम् विगतको नजिरलाई आधार बनाएर प्रतिनिधिसभाको पुनर्स्थापना भइछाड्ने अपेक्षा गरेको छ। नेपाली कांग्रेस भने अझै पनि 'पर्ख र हेर' को अवस्थामै देखिन्छ। तर, नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी र राप्रपालगायतले भने अब प्रतिनिधिसभाको पुनर्स्थापना हुने सम्भावना नरहेको र त्यसो गर्नुको अर्थ पनि नहुने भन्दै घोषित मितिमै चुनाव हुनुपर्ने धारणाका साथ आफूहरू त्यसका लागि तम्तयार रहेको उद्घोष गरिरहेका छन्।

कतिपयले भने वर्तमान सरकाले चुनावको घोषणा गरे तापनि चुनाव गराउने नियत नभएको तथा मुलुकको परिवेश समेत चुनावका निम्ति अनुकूल नभएको पनि तर्क गरिरहेका छन्। यो पृष्ठभूमिमा घोषित निर्वाचन होला-नहोला भन्ने अन्योल कायमै रहेको देखिन्छ।

## नेतृत्व 'रक्षा' गर्ने...

छँदैछ। यस्तो चिन्ता माओवादी वृत्तमा मात्र नभई माओवादीइतर नेपालीजनमा समेत विद्यमान रहेको तथ्य विभिन्न घटना-सन्दर्भहरूले बारम्बार पुष्टि गरिरहेका छन्। त्यसकारण माओवादी नेतृत्वको रक्षा हुनैपर्छ; यसमा कसैको विमति छैन र विमति हुनुहुँदैन। माओवादी नेतृत्वको रक्षा नेपाल राष्ट्रको आवश्यकता हो र समस्त नेपाली नागरिकको दायित्व एवम् कर्तव्य हो। रूपान्तरणकारी जनयुद्ध र माओवादी आन्दोलन समेतको प्रमुख नेता भएका कारण अध्यक्ष प्रचण्डको रक्षा वा सुरक्षा सवैको दायित्व हो; माओवादी नेता-कार्यकर्ताहरूको त विशेष कर्तव्य नै हो।

**के हो नेतृत्व ? को-को हुन् नेता ?**

कम्युनिस्ट पार्टीभित्र सैद्धान्तिक रूपले कोही खास वा विशेष नेता या विशेषाधिकार सम्पन्न अनि अरु कोहीचाहिँ 'तल्लो दर्जा' वा 'अधिकारविहीन' भन्ने नै हुँदैन/हुनु हुँदैन। पार्टी सदस्यता प्राप्त गरिसकेपछि कम्युनिस्ट पार्टीको हरेक सदस्य नै एक तहको 'नेता' बन्दछ। ऊ कुनै न कुनै कमिटीमा रहेर नियमित लेबी तिर्दै पार्टीजीवनका नियमित प्रक्रियाको हिस्सेदार बन्दछ। अझ केन्द्रीय समिति वा पोलिटब्युरो, स्थायी समितिजस्ता उपल्ला निकाय या कुनै न कुनै ओहोदाधारी केन्द्रीय पदाधिकारी नै भइसकेपछि त ऊ त्यस पार्टीको शीर्ष नेताहरूमध्येकै एक हुने कुरा स्वतःसिद्ध छ।

समग्रतः नेपाल र संसारभरकै कम्युनिस्ट पार्टीहरू र विशेषः यहाँको माओवादी पार्टीले कोही एकल वीर या कुनै चामत्कारिक पात्रमार्फत नेतृत्व हुने कुरालाई सिद्धान्ततः स्वीकार गर्दैनन्; सामूहिक नेतृत्व प्रणालीको मान्यता आत्मसात् गर्दछन्। यति हुँदाहुँदै पनि कुनै खास ऐतिहासिक मोड वा विशेष पौरख या परिणामले नेताहरूमध्येका कसैलाई 'आइकन' नेताका रूपमा स्थापित गर्दछन्। नेकपाका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठ र नेपाली काङ्ग्रेसका संस्थापक नेता बी पी कोइराला त्यस्तै 'आइकन' नेताका रूपमा स्थापित छन्। 'जनताको बहुदलीय जनवाद' को प्रणेता भनिएका मदन भण्डारी र प्रथम 'कम्युनिस्ट' प्रधानमन्त्रीका रूपमा मनमोहन अधिकारीलाई एमालेले 'आइकन' नेताका रूपमा मान्दै आएको देखिन्छ।

नेकपा (माओवादी) को आह्वान र नेतृत्वमा सम्पन्न भएको दसवर्षे जनयुद्ध नेपाली राजनीतिक इतिहासकै भिन्न एवम् ऐतिहासिक परिघटना हो। यसका विधि, प्रक्रिया, कार्य र उपलब्धिहरूका विषयमा अनेकौं प्रकारका मतमतान्तर भए तापनि समग्र देशलाई एकैसाथ झक्झक्याउने, राजनीतिक जागरण र क्रियाशीलता सृष्टि गर्ने र समाज र राष्ट्रलाई बहुआयामिक ढङ्गले प्रभावित तुल्याउने यो परिघटना पृथ्वीनारायण शाहको नेतृत्वमा चलेको 'एकीकरण' अभियानपछिकै एक मात्र अभियान भएको कुरामा दुईमत छैन। घोषित लक्ष्य र उद्देश्य प्राप्तिमा के-कति सफल वा असफल भयो, त्यसको समीक्षा र मूल्याङ्कन त हुँदै जाने नै छ। तर, २०४७ को संविधानमा 'कमा' र 'पूर्णविराम' सम्म पनि बदल्नु पर्दैन भनिरहेका काङ्ग्रेस-एमालेहरू समेतलाई बाह्रबुँदे समझदारीमार्फत सहमत गराउँदै संयुक्त जनआन्दोलन, २०४७ को संविधान खारेज गरी अन्तरिम संविधान जारी, संविधानसभाको निर्वाचन, गणतन्त्रको स्थापना, राज्यको संघीय पुनर्संरचना र समावेशी-समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता जस्ता उपलब्धिहरू मुख्यतः जनयुद्धकै देन हुन् भन्न कसैले हिच्किचाउनु पर्दैन।

अतः जनयुद्धरूपी विशेष परिघटनाले माओवादी नेतृत्वलाई इतिहासका 'आइकन' नेताका रूपमा स्थापित गरेको मान्न सकिन्छ/मिल्छ। र, माओवादीको प्रमुख नेता भएकाले प्रचण्ड नै समकालीन नेपाली राजनीतिका 'आइकन' नेता हुन्। यद्यपि, एकातिर सामूहिक नेतृत्व प्रणालीमा चल्ने कम्युनिस्ट पार्टीको सैद्धान्तिक मान्यता र अर्कातिर प्रचण्डलाई 'आइकन' नेताको हैसियत दिलाउने जनयुद्धमा निर्वाह गरेको भूमिकाका आधारमा विश्लेषण गर्ने हो भने 'आइकन' नेताका रूपमा प्रचण्ड मात्रै देखा पर्दैनन्। जनयुद्ध हाँक्ने शीर्ष नेतृत्वपङ्क्तिका प्रचण्ड, मोहन वैद्य 'किरण' र डा. बाबुराम भट्टराईका बीचको एकता-सङ्घर्ष-रूपान्तरण र 'नयाँ आधारमा नयाँ एकता' ले नै जनयुद्धको थालनी, विकास, विस्तार र विजय (आङ्शिक नै भए पनि) सम्भव भएको तथ्यप्रति कसैमा, कुनै भ्रम रहनु हुँदैन। चन्द्रप्रसाद गजुरेल, रामबहादुर थापा, पोस्टबहादुर बोगटी, कृष्णबहादुर महरालगायत हुँदै नन्दबहादुर पुन, नेत्रविक्रम चन्द, वर्षमान पुन, जनार्दन शर्माजस्ता सयौं नेताहरूले यिनै तीन नेताबीचको एकता र सङ्घर्षकै सेरोफेरोमा क्रियाशील भएर माओवादी आन्दोलनलाई गति दिनुका साथै आफू समेत स्थापित भएको तथ्य जगजाहेर छ।

प्रचण्ड एक्लै 'प्रचण्ड' भएका होइनन्; मुख्यतः राजतन्त्र, काङ्ग्रेस र एमाले सम्मिलित परम्परागत संसदीय व्यवस्थाविरुद्धको निर्णायक वर्गसङ्घर्ष तथा मोहनविक्रम सिंह, निर्मल लामालगातसँगको तीव्र वैचारिक अन्तर्संङ्घर्ष एवम् मोहन वैद्य, बाबुराम भट्टराईलगायतसँगको सघन सहकार्यमार्फत 'आइकन नेता' बनेका हुन्। अनेकौं राजनीतिक घटना-सन्दर्भ र दस्तावेजहरूले यस तथ्यको पुष्टि गर्दछन्। माओवादी पार्टी एकढिक्का रहेका बेला सम्पन्न पहिलो संविधानसभा निर्वाचनमा प्राप्त जनमत एवम् प्रचण्ड-वैद्य-बाबुरामको राजनीतिक उचाई अनि माओवादी विभाजनलगत्तैको दोस्रो संविधानसभाको निर्वाचन परिणाम, त्यसयताका चुनाव र राजनीतिक घटनाक्रमहरू तथा विभाजित घटकहरू एवम् प्रचण्ड-वैद्य-बाबुरामको वर्तमान हैसियत र उचाईले यसै यथार्थताको पुनर्पुष्टि गरिरहेका छन्।

सारतः सिद्धान्तनिष्ठता, नीति-योजना-कार्यक्रमको सुस्पष्टता, योजनाबद्धता र सामूहिकताविना न नेतृत्व उदाउन र स्थापित हुन सक्छ न त रक्षा नै हुन सक्दछ भन्ने तथ्य बुझ्न यिनै दृष्टान्त पर्याप्त छन्। नेतृत्वको रक्षा गर्ने वा 'हेडक्वार्टर बलियो बनाउने' मूल विधि भनेकै निरन्तर एकता-सङ्घर्ष-रूपान्तरण हो; बाँकी प्रयासहरू या त अज्ञानताको परिचायक नत्र स्वार्थसिद्धिका हर्कत मात्र हुन्।

**अन्तर्सङ्घर्ष कि घरझगडा ?**

केही समययता माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र उपमहासचिव जनार्दन शर्माबीच घोचपेच, आरोप-प्रत्यारोप र एक तहसम्मको गालीगलौच निरन्तर चलिरहेको देखिन्छ। राजनीतिक रूपले हेर्दा र स्वतन्त्र ढङ्गले बुझ्दा प्रचण्ड-शर्माबीचको यो 'द्वन्द्व' पार्टीभित्रको अन्तर्विरोध वा अन्तर्सङ्घर्ष नै भएको तथ्य सुस्पष्ट छ। वर्तमान अन्तर्सङ्घर्ष विधिसङ्गत, मर्यादित एवम् अनुशासित छ कि अराजक, अनुशासनहीन र उत्तेजक छ, त्यो बेग्लै मूल्याङ्कनको विषय हो। अन्तर्सङ्घर्ष व्यवस्थित हुनु नसक्नुमा को कति जिम्मेवार छ, त्यो पनि समीक्षाको छुट्टै विषय हो। तर, मित्रतापूर्ण अन्तर्सङ्घर्षलाई 'माओवादीभित्रको घरझगडा' का रूपमा दुष्प्रचार गरेर निरन्तर प्रदूषित तुल्याउँदै क्रमशः सत्रुतापूर्ण झगडातर्फ धकेल्न दुवै पक्ष तल्लिन देखिएका छन्।

माओवादी आन्दोलनको विकासक्रम नबुझ्ने, कम्युनिस्ट पार्टीभित्र 'चल्ने' मात्र होइन कि 'चल्नैपर्ने' अन्तर्सङ्घर्ष वा दुईलाइन सङ्घर्षको महत्त्व र मर्म नबुझ्ने या बुझेर पनि बुझ पचाउने अनि नेताविशेषलाई 'भगवान्' का रूपमा प्रचार गर्दै स्वार्थसिद्धि गर्न लालयित तप्काले 'नेतृत्वको रक्षा गर्ने' भन्दै प्रचण्ड-शर्माबीचको 'द्वन्द्व' लाई दिनानुदिन प्रदूषित तुल्याउँदै लगिरहेका छन्।

कम्युनिस्ट पार्टीभित्र अन्तर्सङ्घर्ष वा दुईलाइन सङ्घर्ष निरन्तर चलिरहन्छ मात्र होइन कि कम्युनिस्ट पार्टी र नेताहरूले यसलाई पार्टी जीवित रहने 'प्राणवायु' सरह नै मान्दछन्। यही तथ्यलाई आत्मसात गरेर वर्तमान माओवादी पार्टीको पूर्ववर्ती स्वरूप अर्थात् तत्कालीन नेकपा (एकताकेन्द्र) को मङ्सिर, २०४८ मा सम्पन्न एकता/छैटौं राष्ट्रिय महाधिवेशनमा तत्कालीन महामन्त्री प्रचण्डद्वारा प्रस्तुत भई निकै तीव्र र पेचिलो छलफलपछि पारित भएको दस्तावेजमा लेखिएको छ- "एउटा सही क्रान्तिकारी पार्टीभित्र अन्तर्सङ्घर्ष एवम् दुईलाइन सङ्घर्ष चल्छ र त्यसलाई पार्टीको जीवन ठान्नु पर्दछ। समाजको विकासक्रममा वर्गसङ्घर्षको जुन भूमिका रहन्छ, पार्टीभित्र ठीक त्यही भूमिका अन्तर्सङ्घर्ष एवम् दुईलाइन सङ्घर्षको हुन्छ। यसरी हेर्दा अन्तर्सङ्घर्ष एवम् दुईलाइन सङ्घर्षलाई पार्टीको विकास र जीवनको कारकतत्त्वका रूपमा ग्रहण गर्नुपर्छ" (नेपाली कम्युनिस्ट आन्दोलन र जनक्रान्तिका ऐतिहासिक दस्तावेजहरू, २०६९, पृ. २५४)।

अन्तर्सङ्घर्ष वा दुईलाइन सङ्घर्षको सिलसिलामा देखापर्ने समस्या वा गलत धारणा तथा आत्मसात् गर्नुपर्ने सही विधिहरूलाई सूत्रबद्ध गर्दै सोही दस्तावेजमा प्रचण्डले पाँचबुँदे 'प्रेस्क्रिप्सन' प्रस्तुत गरेका छन्-

"प्रथमः अन्तर्सङ्घर्ष एवम् दुईलाइन सङ्घर्ष सुरु हुनेवित्तिकै कतिपय साथीहरू पार्टी फुट्ला कि भन्ने डरले तर्सन सक्ने हुन्छ; पार्टीभित्र 'स्थायी शान्ति' कायम गरेर सङ्गठन बचाइराख्ने प्रयत्न हुन सक्छ। दुईलाइन सङ्घर्षको स्पष्ट रेखा कोर्नुको सट्टा त्यसलाई मेटाउने प्रयास वा मिलनको विन्दु खोजिने काम हुन सक्छ। यो स्पष्टतः गलत चिन्तन हो र हामीले त्यसको मैत्रीपूर्ण आलोचना एवम् विरोध गर्दै ती कमरेडहरूलाई दुईलाइन सङ्घर्षको आवश्यकता एवम् महत्त्व र त्यसको वैज्ञानिकताबारे स्पष्ट पार्नु पर्दछ।

द्वितीयः आफूले सोचेअनुरूपको निर्णय भएन भने त्यसको कार्यान्वयनमा उपेक्षा गर्ने वा बहुमतको निर्णयको खुला विरोध गर्दै हिँड्ने अराजकतावादी प्रवृत्तिबाट हामी सर्वदा सचेत रहनु पर्दछ र त्यसको कडाइका साथ आलोचना एवम् विरोध गर्नु आवश्यक छ।

तृतीयः अल्पमतलाई नसहने र त्यसको कदर नगर्ने प्रवृत्ति पार्टीभित्र निरन्तर रहिआएको छ। यस प्रवृत्तिको मुख्य दोष कहाँनेर छ भने यसले अल्पमतको विचार पनि सही र वैज्ञानिक हुन सक्छ भन्ने कुरा बुझ्न सकेको हुँदैन। यो प्रवृत्ति पनि हानिकारक छ र त्यसको पनि कडाइका साथ आलोचना र विरोध गर्नु आवश्यक छ।

चतुर्थः अन्तर्सङ्घर्ष एवम् दुईलाइन सङ्घर्षलाई सही र स्वस्थ ढङ्गले अघि बढाउन सकिएन भने निश्चित छ- पार्टीमा गुटबन्दीको सुरुआत हुनेछ र त्यसको अन्तिम परिणाम फेरि पनि फुट नै हुनेछ। यसप्रकारको खतराबाट बच्न र पार्टीलाई असैद्धान्तिक एवम् अराजनीतिक फुटबाट बचाइराख्नका निम्ति हामीले उच्च प्रकारको सतर्कता अपनाउनु जरुरी छ। ठीक यहींनेर हामीले विगतमा भएका फुटका कटु पाठहरूलाई हमेसा ध्यानमा राखिरहनु पर्नेछ।

पञ्चमः अन्तर्सङ्घर्ष एवम् दुईलाइन सङ्घर्षका सन्दर्भमा ध्यान दिनुपर्ने कुरा यो हो कि हरेक क्रान्तिकारी कम्युनिस्टले क्रान्तिकारी सिद्धान्त एवम् क्रान्तिकारी राजनीतिका निम्ति, वर्गसङ्घर्षको हितका निम्ति, समाजवाद-साम्यवादको ध्येय-उद्देश्य प्राप्तिका निम्ति क्रान्तिकारीहरूका बीचको जुझारु एकता र लडाकु पार्टी निर्माणका निम्ति सङ्घर्षशील रहने प्रश्नलाई केन्द्रीय प्रश्न बनाएर सोच्नु पर्दछ र त्यसका लागि अन्तिम दमसम्म लड्न तयार रहनु पर्दछ" (उही)।

माओवादीभित्र यतिबेला चर्केको भनिएको 'घरझगडा' लाई बुझ्न र त्यसलाई सही ढङ्गले निष्कर्षमा पुऱ्याउन मार्क्स-एङ्गेल्स वा लेनिन-स्टालिन या माओ-गोञ्जालोका ठेली र उद्धरणहरूको खोजी गरिरहनै पर्दैन; छत्तीस वर्षअघि प्रचण्डले लेखेको दस्तावेजका यी पङ्क्तिलाई आत्मसात् गर्दा नै पर्याप्त हुने देखिन्छ।

**कसरी सम्भव छ 'हेडक्वार्टरको रक्षा' ?**

नेपालका वामपन्थीहरूले नेपाली सामन्तवादको संस्थापक भन्ने वा मान्ने पृथ्वीनारायण शाहले उहिल्यै भनेका थिए- "प्रजा मोटा भया दरबार बलियो हुन्छ।" यत्ति सम्मको पनि चेत आजका प्रायः 'कम्युनिस्ट' नेताहरूमा भेटिँदैन। कम्तिमा पृथ्वीनारायण शाहको यस उक्तिलाई मात्रै आत्मसात् गर्ने हो भने पनि जनसाधारण वा कुनै कमरेडले टिप्पणी या आलोचना गर्दा वा प्रश्न उठाउँदा नेतृत्वले थुरुरुरु... काँप्नुपर्ने स्थिति आउँदैन। जनता, समर्थक, कार्यकर्ता र अरु नेताहरू अर्थात् सिङ्गै टिम बलियो हुँदा मात्र आफू बलियो भइन्छ; अन्यथा 'सर्वशक्तिमान् हुँ' भन्ने विभ्रम या आत्मरतिको कुनै 'आयु' हुँदैन भन्ने यथार्थता सवै 'कम्युनिस्ट' पार्टीका नेताहरूले बुझेकै होलान्; नबुझेका भए अब बुझून्।

बीस, तीस, चालीस वर्षदेखि निरन्तर कष्ट र अपमान सहेर, निष्ठा, इमान र अभावमा बाँचेर; क्रान्ति, परिवर्तन र पार्टी भन्दै समर्पणभावका साथ प्रतिबद्ध रहँदै डटेका हजारौं नेता-कार्यकर्ताले आजका माओवादी घटकहरूबाट भयङ्कर अपमान र अवहेलना सहिरहनु परेको छ। सहिद तथा बेपत्ता योद्धाका परिवारजनको हालतबारे त सवैले बेलाबखत भट्याइरहेकै छन्। एमाले, काङ्ग्रेस, राप्रपा आदिले समेत 'काम नलाग्ने भए' भनेर कारबाही वा निष्काशन गरेका पत्रुहरूलाई पार्टीमा भित्र्याउन अध्यक्षसहितका शीर्ष नेताहरू खादा र माला बोकेर लाइन लाग्ने गरेका छन्; फोटोसेसन गरेर सञ्चार माध्यमबाट कोकोहोलो मच्चाउने गरेका छन्। तर, तीसौं-चालीसौं वर्ष त्याग-तपस्या गरेका आफ्ना के-कति मान्छे, कहाँ र कुन हालतमा छन्; तिनको भनाइ, धारणा, चाहना र मर्का के हो- त्यतातिर कहिल्यै वास्ता गर्ने गरेका छैनन्। यसरी नै हुन्छ त 'नेतृत्वको रक्षा' ? कदापि हुँदैन।

जनयुद्धकालमा प्रतिकार समिति बनाएर योद्धाहरूलाई पक्राउने, मराउने र अनेकौं दुःख-प्रताडना दिनेहरू तथा विभिन्न बहानाबाजी गरेर ऊ बेला माओवादी सिध्याउन लागिपर्ने कतिपयहरू आज 'नेता' बनाइएका छन्। शान्ति प्रक्रियायता रातारात 'क्रान्तिकारी' बनेका र माथि चर्चा गरिएवमोजिम खादा-माला पहिऱ्याइएकाहरूबाट इमानदार माओवादीहरूले क्रमशः शासित-शोषित बन्दै जास्नु परिरहेको छ। 'लौ न नि, हेडक्वार्टरको रक्षा नहुने भो...' भन्दै साँझबिहानै नेतानिवास, पार्टी कार्यालय र सरकारी अड्डा धाउनेहरूमध्येका अधिकाङ्श तिनै सुकिलामुकिला, अत्तर छर्केर जेल लगाउनेहरू नै देखिन्छन्। क्रान्तिकारी आन्दोलनको निरन्तरतामै आएकाहरूमध्येका पनि अधिकाङ्शहरू आफ्नो सिद्धान्त, नीति, विधि, इमान, कर्तव्य, विगत र वलिदान बिर्सेर यो वा ऊ 'नेता' कै 'दाहिने हात' मा रूपान्तरित र सीमित हुँदै गएका देखिन्छन्। अधिकाङ्श जनसङ्गठन र पार्टी कमिटीहरूमा यस्तै-यस्तैको वर्चश्व छ। राजनीतिक नियुक्ति खानेहरूको त झन् कुरै गर्नुपरेन; विभिन्न तहका चुनावमा टिकट हत्याउनेहरूमध्येका समेत अधिकाङ्श तिनै र त्यस्तै छन्।

यस्तै र यिनै पात्रहरूले चियापसल र भट्टी अनि सामाजिक सञ्जालमा कोकोहोलो मच्चाएर 'हेडक्वार्टरको रक्षा' सम्भव छ ? किमार्थ सम्भव छैन।

तलदेखि माथिसम्म र माथिदेखि तलसम्म विद्यमान सङ्गठनात्मक अत्याचारको तत्कालै अन्त्य अनिवार्य छ। सिद्धान्त, विचार र एजेन्डा तथा नेतृत्व निर्माणका लागि खुला रूपले मत राख्न, छलफल गर्न, समर्थन वा विरोध गर्न तथा विधिसम्मत रूपले निर्णयमा पुग्न एवम् मर्यादित रूपले भिन्न मतलाई सुरक्षित राख्न पाइने अवस्थाको ग्यारेन्टी गरिनु अनिवार्य छ। पार्टीभित्र आएका वा आउने मत र तर्कलाई बढाइचढाइ (एग्जागरेसन) र विषयान्तर (डिस्टोर्सन) गर्दै कसैको भक्तिगान गरेर आफ्नो दुनो सोझ्याउने दुराशयका साथ अराजनीतिक गालीगलौच र झगडा

क्रमशः चौथो पृष्ठमा

# राष्ट्रपति–आयोगका प्रतिनिधिबीच निर्वाचनबारे छलफल

**काठमाडौं ।** राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष निर्वाचन आयोगले आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारीबारे जानकरी गराएको छ। कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसहितको प्रतिनिधि मण्डलले बिहीबार राष्ट्रपति पौडेलसँग भेट गरी निर्वाचनलाई स्वच्छ, निष्पक्ष, भयरहित र शान्तिपूर्ण बनाउन गर्नुपर्ने भावी कार्यक्रमको सम्बन्धमा जानकारी गराएको हो ।

भेटमा राष्ट्रपतिलाई आयोगको तर्फबाट प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न गर्न आयोगलाई आवश्यक पर्ने स्रोत-साधन र जनशक्तिको सम्बन्धमा प्रधानमन्त्री सुशीला कार्की तथा सम्बन्धित विभागीय मन्त्रीसँग छलफल गरिएको जानकारी गराएका थिए। उनीहरूले मितव्ययी रूपमा निर्वाचन सम्पन्न गर्न आवश्यक स्रोतसाधन र जनशक्ति प्राप्त हुने तथा निर्वाचनमा भरपर्दो सुरक्षा व्यवस्था मिलाइने सुनिश्चितता सरकारको तर्फबाट प्राप्त भएको दावी गरिएको छ ।

निर्वाचनको पूर्वतयारीका लागि आयोगका आन्तरिक प्रशासनिक विषयलाई समेटेर तयार गरिएको कार्ययोजना बमोजिमका कार्यहरू योजनाबद्ध रूपमा सम्पादन गरिरहेको आयोगको दावी थियो । सोही भेटवार्ता आयोगका प्रतिनिधिले निकट भविष्यमा राजनीतिक दल तथा सरोकारवालासँग छलफल गर्ने कार्यक्रम तय गरेको, संशोधित मतदाता नामावली ऐन, २०७३ बमोजिम मतदाता नामावलीमा नाम दर्ताको काम सञ्चालन रहेको लगायतका विषय जानकारी गराएका थिए। निर्वाचन आयोगले राष्ट्रपतिबाट आयोगलाई निर्वाचनमा सबै नागरिकको सहभागिता हुने वातावरण तयार गर्न, राजनीतिक दल तथा सरोकारवालाहरूसँग तत्काल छलफल अघि बढाउन र तोकिएको समयमा निर्वाचन सम्पन्न गर्ने कार्यको सुनिश्चितताका लागि कार्यतालिका बमोजिमका कार्यहरू समयमै सम्पन्न गर्न निर्देशन भएको जनाएको छ।

निर्वाचन आयोगले स्वीकृत गरेको कार्ययोजना बमोजिम आगामी दिनमा सम्पन्न गर्नुपर्ने निर्वाचन आचारसंहिता निर्धारण तथा कार्यान्वयन, उम्मेदवारको मनोनयन दर्ता, सो उपर छानबिन, उम्मेदवारको अन्तिम नामावली प्रकाशन, मतदानलगायत निर्वाचन कार्यक्रम राजनीतिक दल र सरोकारवालाहरूसँगको परामर्शमा तयार गरिने जानकारी गराएको छ भने निर्वाचनको पूर्वतयारीका सबै कार्यक्रम समयमा नै सम्पन्न हुने विश्वास दिलाएको छ।

# मतदाता नामावली अद्यावधिक गर्न माओवादीको निर्देशन

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)ले आगामी निर्वाचनलाई लक्षित गर्दै आफ्ना सबै तहका पार्टी पंक्तिलाई निर्वाचन कार्यालयसँग समन्वय गरी मतदाता नामावली अद्यावधिक प्रक्रियामा सक्रिय सहभागिता जनाउन विशेष निर्देशन दिएको छ।

पार्टीका महाधिवेशन आयोजक समिति संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'द्वारा जारी गरिएको परिपत्रमा पार्टी कार्यकर्तालाई आगामी कात्तिक ३० गतेभित्र १६ वर्ष उमेर पुगेका नागरिकको नाम समावेश गर्न, विवाह तथा बसाइँसराइका कारण मतदान केन्द्र परिवर्तन गर्नुपरेमा आवश्यक प्रक्रिया पुऱ्याउन, साथै नाम, जन्म मिति वा अन्य विवरणमा त्रुटि भएमा त्यसको सच्याउन पहल गर्न आग्रह गरिएको छ।

'निर्वाचनमा सहभागी हुने जनताको नामावली अद्यावधिक गर्नु लोकतान्त्रिक अभ्यासको पहिलो खुड्किलो हो। त्यसैले सम्पूर्ण पार्टी पंक्तिले यो कार्यलाई गम्भीरतापूर्वक लिई आवश्यक समन्वय र सहजीकरण गर्नुपर्छ' संयोजक दाहालले बुधबार जारी गरेको परिपत्रमा उल्लेख गरिएको छ। निर्वाचन आयोगले सुरु गरेको नामावली अद्यावधिक कार्यक्रमसँग मेल खानेगरी यो अभियान सञ्चालन गर्न भनिएको छ।

# संसद विघटन गलत, गैरकानुनी र अलोकतान्त्रिक : अध्यक्ष ओली

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले)का अध्यक्ष एवं निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले शुशीला कार्की नेतृत्वको वर्तमान सरकार नेपालीको प्रतिनिधि नभएको आरोप लगाएका छन् ।

भक्त जिल्ला कमिटीले बिहीबार गुन्डुमा आयोजना गरेको भेटघाट कार्यक्रममा बोल्दै निवर्तमान प्रधानमन्त्री ओलीले वर्तमान सरकार कसैले नछानेकाले यसले नेपालीको प्रतिनिधित्व गर्न नसक्ने ठोकुवा गरेका हुन् ।

आफूलाई काठमाडौं उपत्यका छोड्न नपाउने भनेर सरकारले तमासा देखाएको भन्दै अध्यक्ष ओलीले गृहमन्त्री ओमप्रकाश अर्याललाई सम्हालिएर अघि बढ्न चेतावनी समेत दिए।   'यो सरकार नेपालीको प्रतिनिधि होइन, अन्त कतैको हो थाहा छैन। कसैले छानेको सरकार होइन यो। उनीहरू एउटा खास उद्देश्यले काम गरिरहेका छन्' ओलीले थपे 'मेरो राहदानी रोक्का गर्ने ? अर्को तमासा के गर्नु भयो भने काठमाडौं उपत्यका- यो डाँडा काटेर बाहिर जान नपाउने ! केपी ओली यो डाँडोसम्म जान पाउँछ, पल्लोपट्टि हेर्न पाइने किन नपाइने ? त्यो पनि थाहा छैन। पानी-ढलको सिमाना वा यो तमासा नभए सडक तमासा भने के हो ? सुशीला कार्कीको डरले केपी ओली भाग्छ? के सोचेको? अहिलेको गृहमन्त्रीको त मैले नाम पनि सुनेको थिइनँ। गृहमन्त्री बाबुलाई धेरै नउज्यालिन, नचम्किँन, सम्हालिन सल्लाह दिन चाहन्छु।'

सुशीला सरकार संवैधानिक बाटोबाट नबनेको दोहोऱ्याउँदै उनले 'जेन-जी' प्रदर्शनपछि बनेको वर्तमान सरकारसहित सो सरकारले बनाएको न्यायधीश गौरीबहादुर कार्की नेतृत्वको छानविन आयोगलाई समेत नस्वीकार्ने उद्घोष गरेका छन्। गत भदौ २३ र २४ गते भएको प्रदर्शनपछि प्रधानमन्त्रीबाट राजीनामा दिएका उनले कार्की आयोगको प्रतिवेदन नमान्ने बताएका अध्यक्ष ओलीले संसद पुनर्स्थापनाका लागि आफ्नो दलले पहल गर्ने र त्यसका लागि संविधान र लोकतान्त्रिक व्यवस्था पक्षधरहरूलाई एकाकार बन्न आह्वान गरे। नेपाली कांग्रेस समेत संसद पुनर्स्थापनाको पक्षमा आउने विश्वास व्यक्त गर्दै उनले समयमा कदम नचालेपछि ढिला भएछ भनेर पछुतो मान्नुपर्ने अवस्था आउने बताए।

'कतिपय मानिसहरू भन्छन्- फागुन २१ गते चुनाव भएन भने त्यसपछि संसद पुनर्स्थापनाको माग गरौंला' अध्यक्ष ओलीले भने 'संसद विघटन असंवैधानिक छ, गलत छ, गैरकानुनी छ, अलोकतान्त्रिक छ। यो देशको हितका विरुद्धमा छ, हामीलाई थाहा छैन र ? पर्खनुपऱ्यो फागुन २१ गते ? पर्खनु परेको छैन।' कार्की नेतृत्वको सरकार गठन भएलगत्तै प्रतिनिधिसभा विघटन गरेर आगामी फागुन २१ गते निर्वाचनको मिति घोषणा गरेको थियो तर लोकतान्त्रिक व्यवस्थाको स्टेकहोल्डरमध्ये एउटा दल एमालेले निर्वाचनको विपक्षमा आफ्नो प्रारम्भिक मत राखेपछि मुलुक पुनः द्वन्द्वमा फर्कने आशंका गर्न थालिएको छ। एकातर्फ सरकार पक्षले तत्कालीन सरकारका प्रमुख ओली, गृहमन्त्रीलगायतलाई पक्राउ गर्ने प्रयास गर्नु अर्कातर्फ एमालेले देशभर २४ गतेको हिंसात्मक घटनाविरुद्ध जोहेरी शृङ्खला चलाउनुले दुवै पक्ष आमने-सामने हुँदै भिडन्तको संकेत देखिएको छ। यसैबीच एमालेले भोलि शनिबार काठमाडौंमा शक्ति प्रदर्शन गर्ने तयारी समेत गरेको छ।

कांग्रेसमा पनि शेरबहादुर देउवापक्ष संसद पुनर्स्थापनाकै पक्षमा उभिने ओलीको विश्वास देखिए पनि उसले अहिलेसम्म संसद विघटन र नयाँ सरकारबारे आफ्नो स्पष्ट धारणा सार्वजनिक गरिरहेको छैन। कांग्रेसले अब बस्ने केन्द्रीय समिति बैठकाट प्रष्ट लाइन सार्वजनिक गर्ने आशा गरिएको छ। महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माका अभिव्यक्तिहरूमा भने निर्वाचनकै पक्षमा रहेको संकेत दिइरहेको छ।

निवर्तमान सरकारको प्रमुख प्रतिपक्ष दल नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)ले भने निर्वाचनकै पक्षमा देखिएको छ भने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राप्रपालगायतका दलहरूले ओली नेतृत्वको सरकार बहिगर्मनमा खुसी व्यक्त गरे पनि पछिल्लो घटनाक्रमबारे स्पष्ट धारणा राख्न सकिरहेका छैनन् ।

निर्वाचन आयोगले फागुन २१ मा तोकिएको निर्वाचनको कार्यतालिका सार्वजनिक गरिसकेको छ तर जनतासँग प्रत्यक्ष सरोकार राख्ने नेपाल प्रहरी बस्ने कार्यालयदेखि हतियार र बर्दीसम्म लुटिएको र कारागारबाट भागेका सयौं कैदीबन्दी पुनः अपराधमा संलग्न भइरहेको खबरहरू सार्वजनिक भइरहेको छ। यस्तो अवस्थामा तोकिएकै समयमा चुनाव हुने-नहुने अन्यौलता अझै बढेको मात्र होइन वर्तमान सरकार फौजदारी अपराधमा संलग्नहरूलाई कारबाहीको दायरामा ल्याउनुको साटो उन्मुक्ति दिने उद्धत रहेको गुनासो आउने क्रम समेत बढिरहेको देखिन्छ।

# बालेन र सुदनविरुद्ध काभ्रे प्रहरीमा उजुरी

**काठमाडौं ।** गत भदौ २४ गते 'जेन-जी' प्रदर्शनका क्रममा भएको आगजनी र तोडफोडमा संलग्न भएको अभियोगमा काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन) र हामी नेपाली संस्थाका संस्थापक सुदन गुरुङविरुद्ध काभ्रे प्रहरीमा उजुरी परेको छ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले)निकट विद्याथृी संगठन अनेरास्ववियु काभ्रेका उपाध्यक्ष सुजन सापकोटा र आयुष बडालले जिल्ला प्रहरी कार्यालय काभ्रेमा उनीहरूविरुद्ध जाहेरी दिएका हुन् ।

शाह र गुरुङविरुद्ध मुलुकी अपराध संहिता २०७४ को दफा १७७, दफा १७८, दफा २४४ र दफा २८५ (आपराधिक उपद्रव) अन्तर्गत जाहेरी दिएका हुन् । अनेरास्ववियुले दिएको जाहेरीमा उनीहरूकै निर्देशनमा बनेपा नगरपालिका कार्यालय, इलाका प्रहरी कार्यालय बनेपा, जिल्ला ट्राफिक प्रहरी कार्यालय काभ्रे, नेकपा एमाले काभ्रेको कार्यालय, नेपाली कांग्रेस काभ्रेका कार्यालय काभ्रे, पनौतीका पूर्व नगर प्रमुख भीम न्यौपानेको घर, धुलिखेलका नगर प्रमुख अशोक व्यान्जुको घर, पनौतीकी उपप्रमुख गीता बन्जाराको घर, व्यवसायी रामेश्वर थापाको घर, कांग्रेस केन्द्रीय सदस्य शिवप्रसाद हुमागाईंको घर र गाडी, पनौती नगर प्रमुख रामशरण भण्डारीको घरमा तोडफोड तथा जलाइएको उल्लेख गरिएको छ। जाहेरीमा राष्ट्रिय सम्पदाहरू, भवन, संरचनाहरू तथा सरकारी कार्यालयका सामान तथा कागजातहरू तथा सरसामानहरू लुटपाट गरी चलनअचल सम्पत्ति नष्ट गरेको र उक्त सम्पत्ति नष्ट गर्नुपर्छ भनी विभिन्न मानिसहरूलाई उक्साएर कानुन विपरीत कार्य गरेको जिकिर गरिएको छ।

यसअघि 'सिंहदरबार आगो लगाइदिन्छु' भन्दै आफ्नो फेसबुकमार्फत मेयर शाहले देशकै प्रशासनिक केन्द्रप्रति नकारात्मक टिप्पणी गरी आगो लगाई ध्वस्त बनाउने आशयको स्ट्याटस लेखेको केही महिनापछि नै आन्दोलनको नाममा भएको आगजनीले हाम्रो देशको ऐतिहासिक भवन संरचनामा क्षति पुगेको र सो भवन नष्ट भई त्यहाँभित्र रहेको चल अचल सम्पत्ति चोरी डकैती तथा नष्ट भएको जाहेरीमा उल्लेख गरिएको छ।

यसैगरी सिंहदरबारमा आगगनीपछि सुदनले 'अब बालुवाटार' भनी बालुवाटारमा रहेको प्रधानमन्त्री निवासमा आगो लगाउनुपर्छ भन्ने आशयका साथ सयौं मान्छेहरूको भिडलाई बालुवाटारमा आगो लगाउन उक्साई आफू समेत सामेल भई प्रधानमन्त्री निवासमा आगो लगाउने कार्य गरी डकैती गरी आपराधिक उपद्रव समेत गरेको अवस्थामा उक्त विध्वंसात्मक अवस्थालाई नियन्त्रणमा लिने प्रयास गर्दै आफ्नो-आफ्नो कार्यक्षेत्रमा खटिएका प्रहरी कर्मचारीहरूलाई भौतिक आक्रमण गरी, बर्दीमा नै हातपात गरी निजहरूको हत्या समेत गरेको, विद्यार्थीहरूको समेत हत्या भएको दाबी गरिएको छ।

जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक कोमल शाहले भदौ २३ र २४ गतेको घटनाको छानबिनका लागि आयोग बनेको र उक्त जाहेरी आयोगमै पठाइने जानकारी दिए। यसअघि उनीहरूमाथि जिल्ला प्रहरी परिसर काठमाडौंमा समेत जाहेरी परेको थियो।



## नेतृत्व 'रक्षा' गर्ने...

तन्काउँदै मैत्रीपूर्ण अन्तर्सङ्घर्षलाई दुस्मनीपूर्ण विभाजनतर्फ धकेल्ने दुष्कर्ममाथि तत्काल लगाम लगाइनु अनिवार्य छ। विगतमा वैद्य, बाबुराम, विप्लव इत्यादिको नेतृत्वमा भएका विभाजनहरूका पछाडि अरु अनेकौं कारण विद्यमान भए तापनि मुख्य कारण चाहिँ यही र यिनै अवस्थाहरू हुन् अनि अबका एकता प्रयासहरूमा समेत यिनै विसङ्गतिहरू मुख्य तगारा हुन् भन्ने यथार्थतालाई जोसुकैले जेसुकै जामा पहिऱ्याएर ढाँट्न-लुकाउन खोज्नु व्यर्थ छ।

पार्टीको 'पुनर्गठन', 'रूपान्तरण' वा जेसुकै पदावलीको प्रयोग गरिए तापनि समग्र राष्ट्र र समाज अनि मुख्यतः पार्टीमा न्याय, समानता र सुसङ्गत विधि संस्थागत गरेर मात्रै 'हेडक्वार्टरको रक्षा' सम्भव हुन्छ। सीमित इमानदारहरू, केही सच्चा शुभचिन्तकहरू र अधिकाङ्श भजनमण्डलीको रुवाबासी, छटपटी र जयजयकारबाट माओवादी नेतृत्वको 'रक्षा' हुन सक्दैन। 'हेडक्वार्टरको रक्षा गर्ने' अहिलेको 'कमरेडी काइदा' उल्टो छ; बेलैमा सुल्ट्याए सवैको भलो होला!

*(अनलाइनखबर डटकम, २०८२ भदौ १७ बाट)*

## एमालेभित्र पेचिलो बन्दै नेतृत्व परिवर्तनको बहस

**काठमाडौं।** 'जेन-जी' प्रदर्शनपछि नेपाल कम्युनिस्ट पार्टी (एमाले) पुनर्गठन कि नेतृत्व परिवर्तन भन्ने बहस थप पेचिलो बन्दै गएको छ। सो पार्टीभित्र अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री रहेका बेला संविधान र व्यवस्थामै धक्का पुग्नेगरी भएको विध्वंश र मुलुकमा देखा परिरहेको पछिल्लो राजनीतिक स्थितिलाई मध्यनजर गर्दै नैतिकताका आधारमा उनले नेतृत्व छाड्नुपर्ने दबाब चर्को बन्दै गएको हो।

फेरिएको अवस्थामा नेताहरूबिच हुँदै आएका संवाद र छलफलमा ओलीको विकल्प के-कसरी हुन्छ भन्नेमा नेतापिच्छे फरक मत व्यक्त भइरहेको सुनिएको छ। आन्तरिक कुराकानी, छलफल र बहसमा महासचिव शंकर पोखरेल एवं उपमहासचिवद्धय विष्णु रिमाल र प्रदीप ज्ञवालीले अहिलेको अप्ठ्यारो स्थितिमा नेतृत्व परिवर्तन गर्न उचित नहुने तर्क गरिरहेका छन्। उनीहरू बाहेकका नेताहरू भने ओलीले नेतृत्व छाडेर वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललाई कार्यवाहक अध्यक्ष बनाउँदै महाधिवेशनमा गएर नयाँ नेतृत्व छनोट गर्नुपर्ने पक्षमा उभिएका छन् भने अध्यक्ष ओली यी दुवै तर्कलाई स्वीकार गर्ने पक्षमा छैनन्।

यसबाहेक पूर्व राष्ट्रपति विद्या भण्डारीलाई आगामी केन्द्रीय कमिटीबाट पार्टीमा भित्र्याउने गरी तेस्रो समूह एमालेमा सक्रिय छ। तेस्रो गुटको उक्त प्रयास असफल भए ओलीको विकल्पमा ईश्वर पोखरेललाई अध्यक्षका रूपमा अघि सार्ने उनीहरूको देखिन्छ। एमालेमा ओलीको विकल्प खोज्नुपर्ने पक्षमा रहेका युवराज ज्ञवाली, सुरेन्द्र पाण्डे, विष्णु पौडेल, योगेश भट्टराई, गोकर्ण विष्ट, छविलाल विश्वकर्मालगायत नेताहरू खुलेका छन् भने रामबहादुर थापा र अर्का उपमहासचिव पृथ्वी सुब्बा गुरुङ समेत सोही निष्कर्षमा पुगेको देखिन्छ। 'जेन-जी'को प्रदर्शनपछि बसेको सचिवालयमा ओली अल्पमतमा परेका टिप्पणी गर्दै एक सचिवालय सदस्यले उनी अझै पनि नेतृत्व नछाड्ने अडानमा रहेको बताए। उक्त घटनापछि असोज दोस्रो साता ओलीको अस्थायी निवास गुण्डुमा बसेको सचिवालय बैठकमा ओलीको प्रस्तुतिमा आफ्नो कमजोरी स्वीकार्न तयार नभएकै कारण उनी अझै नेतृत्वका लागि आकांक्षी देखिएको ती सदस्यको भनाइ थियो।

बैठकमा पूर्वराष्ट्रपति भण्डारी पक्षधर १९ सदस्यीय केन्द्रीय पदाधिकारी बाहेकबाट नेतृत्व छान्नुपर्ने पक्षमा लबिङ भइरहेको अर्का पदाधिकारीले बताए। भण्डारी निकट एक केन्द्रीय सदस्यका अनुसार ओलीकै अध्यक्षतामा महाधिवेशन आयोजना गरेर उनलाई बिदा गर्ने वा ईश्वर पोखरेललाई अघि सार्ने भन्नेमा बहस र विमर्श भइरहेको छ। दसैंको मुख भएकाले अघिल्लो सचिवालय बैठकमा धेरै छलफल हुन नपाएको जानकारी दिँदै एक पदाधिकारीले असोज २४ गते बस्ने सचिवालयमा 'जेन-जी' प्रदर्शन र त्यसको समग्र समीक्षा गर्दै पार्टीको भावी रणनीतिबारे छलफल हुने बताए। यही असोज २७ देखि २९ गतेसम्म बस्ने केन्द्रीय कमिटी बैठकमा धेरै विषयमा छलफल हुने उपमहासचिव ज्ञवालीले बताए।

## राष्ट्रपति पौडेल र प्रधानमन्त्री कार्कीबीच शीतलनिवासमा भेटघाट

**काठमाडौं।** राष्ट्रपति रामचन्द्र पौडेललाई अन्तरिम सरकारकी प्रधानमन्त्री शुशीला कार्कीले राष्ट्रपति निवास शीतलनिवासमा पुगेर भेट गरेकी छन्। मन्त्रिपरिषदको बैठकलगत्तै प्रधानमन्त्री कार्कीले शीतलनिवास पुगेर राष्ट्रपति पौडेलसँग भेट गरेकी हुन्।

राष्ट्रपति र प्रधानमन्त्रीबीच मुलुकको पछिल्लो राजनीतिक घटनाक्रम, आगामी निर्वाचनलगायत समसामयिक विषयमा छलफल भएको भेटमा सहभागी सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिएका हुन्।

## डा. भुसाललाई सुधार केन्द्र पठाउने शर्तमा परिवारको जिम्मा

**काठमाडौं।** काठमाडौंको माइतीघरमा बिहीबार भएको प्रदर्शनमा सहभागी रहेका डा निकोलश भुसालले गाँजा सेवन गरेको भेट्टिएपछि प्रहरीले उनलाई सुधार केन्द्र पठाउने शर्तमा परिवारको जिम्मा लगाइएको छ। जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले भुसालको स्वास्थ्य परीक्षण गर्दा लागुऔषध गाँजा खाएको देखिएपछि सुधार केन्द्र लैजाने शर्तमा परिवारको जिम्मा लगाइएको जानकारी दिएका हुन्।

सो प्रदर्शन सहभागी गाँजा सेवन गरेका डा निकोलशसहित ४४ जना पक्राउ परेका थिए। पक्राउ परेका प्रदर्शनकारीहरूलाई छाड्न आवश्यक प्रक्रिया जारी रहेको प्रउ भट्टराईले बताए।

## पदाधिकारी बैठकमा देउवा सहभागी नहुने

**काठमाडौं।** बिहीबार अपराह्न पार्टी केन्द्रीय कार्यालय सानेपामा बस्ने नेपाली कांग्रेसको पदाधिकारी एवं पूर्व पदाधिकारीको बैठकमा सभापति शेरबहादुर देउवा सहभागी नहुने भएका छन्। कांग्रेसका सहमहामन्त्री जीवन परियारले बैठकमा समसामयिक राजनीतिक विषयमा छलफल हुने जानकारी दिएका हुन्।

बिहीबार दिउँसो एक बजे बस्ने सो बैठकमा पार्टी सभापति शेरबहादुर देउवा सहभागी नहुने भएका छन्। बैठकमा सभापति देउवा अनुपस्थित हुने भएपछि सो बैठकको अध्यक्षता उपसभापति पूर्णबहादुर खड्काले गर्ने भएका हुन्। भदौ २३ र २४ गतेको 'जेन-जी' प्रदर्शनपछि देउवा पार्टीको कुनै पनि बैठकमा सहभागी भएका छैनन्। पार्टीको सभापतिविना बस्न लागेको बिहीबारको बैठकमा केन्द्रीय समितिका एजेण्डामा छलफल हुने उल्लेख गरिएको छ। देउवामाथि विषेश महाधिवेशनमा जानुपर्ने र सभापति पद छोड्नुपर्ने दबाब परिरहेको छ।

उक्त बैठकमा यही असाजे २६ गते बस्ने कांग्रेस केन्द्रीय कार्यसमितिका सम्भावित कार्यसूचिलगायत विषय समेत छलफल हुने परियारले जानकारी दिए। 'जेन-जी' प्रदर्शनपछि पहिलो पटक कांग्रेसको पदाधिकारी एवं पूर्वपदाधिकारीको बैठक बस्न लागेको हो। उक्त प्रदर्शनका क्रममा गत भदौ २४ गते सभापति देउवा र उनकी धर्मपत्नी तथा परराष्ट्रमन्त्री डा आरजु राणामाथि उनकै निवासमा सांघातिक हमला र कुटपिट हुनुका साथै घरमा आगजनी भएको थियो। स्वास्थ्यलाभपछि आराम गरिरहेका सभापति देउवा असोज २६ गतेको केन्द्रीय समितिको बैठकमा उपस्थित हुने पार्टी प्रवक्ता प्रकाशशरण महतले जानकारी दिए।

प्रदर्शनका क्रममा कांग्रेसको केन्द्रीय कार्यालयलगायत पार्टीका विभिन्न जिल्ला कार्यालयलगायत विभिन्न नेताका घरमा समेत आगजनी र तोडफोड भएको थियो। सो प्रदर्शनपछि पार्टीभित्र नेतृत्व परिवर्तनका विषयमा बहस सुरु भएको छ।

## बाढीपहिरोका कारण नौ राजमार्ग अवरुद्ध

**काठमाडौं।** देशका विभिन्न स्थानमा परेको भारी वर्षाका कारण आएको बाढीपहिरोबाट तीन प्रदेशका नौ मुख्य राजमार्ग अवरुद्ध भएको छ। प्रहरी प्रधान कार्यालयका अनुसार वर्षाका कारण कोशी, बागमती र कर्णाली प्रदेशका नौ राजमार्ग अवरुद्ध भएका हुन्।

बाढीपहिरोका कारण सङ्खुवासभाको भोटखोला गाउँपालिका-४ वरुणखोलास्थित कोशी राजमार्ग र मकालु गाउँपालिका-३ एकुवास्थित कोशी राजमार्ग अवरुद्ध भएका छन्। इलामस्थित इलाम नगरपालिका-९ राजदुवालीस्थित मेची राजमार्ग र पाँचथरको पाँचथर तुम्बेवा गाउँपालिका-२ नावाखोलास्थित तमोर करिडोर समेत अवरुद्ध भएको प्रहरी केन्द्रीय प्रवक्ता, प्रहरी नायव महानिरीक्षक विनोद घिमिरेले जानकारी दिए।

बाढीपहिरोबाट रसुवाको गोसाइकुण्ड गाउँपालिका-२ स्थित पासाङ ल्हामु सडकखण्ड, काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका-११ माम्तीखोलास्थित वीपी राजमार्ग र सिन्धुलीको सुनकोशी गाउँपालिका-१ नेपालथोकस्थित वीपी राजमार्गसमेत अवरुद्ध भएको हो। प्रहरी प्रवक्ता घिमिरेले हुम्लाको खार्पुनाथ गाउँपालिका-५ कुरिल्लास्थित कर्णाली करिडोर र कालिकोटको पचालझरना गाउँपालिका-८ जुगेनीखोलास्थित कर्णाली करिडोरसमेत पूर्णरूपमा अवरुद्ध भएको जानकारी दिए।

यस्तै वर्षाका कारण धनुकुटास्थित साँगुरीगढी गाउँपालिका-१ स्थित कोशी लोकमार्ग, मकवानपुरको भीमफेदी गाउँपालिका-८ बगुवाखोलास्थित कान्ति लोकपथ सडक र मकवानपुरकै वकैया गाउँपालिका-११ घटटेपाखास्थित कान्ति लोकपथ एकतर्फीरूपमा सञ्चालनमा आएको प्रहरीले बताएको छ।

## प्रतिनिधिसभा पुनर्स्थापना हुनुपर्नेमा एमालेको जोड

**भक्तपुर।** नेपाल कम्युनिस्ट पार्टी (एमाले)का अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभाको पुनर्स्थापना हुनुपर्नेमा जोड दिएका छन्। एमालेको भक्तपुर जिल्ला कमिटीद्वारा बिहीबार गुण्डुमा आयोजित कार्यक्रममा अध्यक्ष ओलीले प्रतिनिधिसभा पुनर्स्थापनाका पक्षमा आफ्नो पार्टी रहेको र त्यसमा नेपाली कांग्रेस पनि सहमत हुने विश्वास व्यक्त गरे।

सम्बोधनका क्रममा अध्यक्ष ओलीले सरकारले निर्वाचन गराउने हो भने राजनीतिक दलहरूको विश्वास जितेर निर्वाचन प्रक्रियामा सबैलाई सहभागी गराउनुपर्ने बताउए। 'यतिबेला राष्ट्रलाई एकता र स्थिरता चाहिएको छ। लोकतान्त्रिक शक्तिहरू एक ठाउँमा आएर शान्ति सुव्यवस्था कायम गर्दै देशलाई समृद्ध बनाउनुपर्छ' उनले भने 'सरकारले यसका लागि सकारात्मक र अनुकूल वातावरण निर्माण गर्नुपर्छ।' कार्यक्रममा एमाले महासचिव शङ्कर पोखरेलले मुलुकमा समस्या उत्पन्न भएका बेला देशभित्रै एकता र सहमतिको वातावरण निर्माण गर्नुपर्नेमा पार्टीभित्र विवाद सिर्जना गर्न नहुने धारणा व्यक्त गरेका थिए।

यस्तै एमाले बागमती प्रदेश कमिटीका इञ्चार्ज डा राजन भट्टराई, पोलिटब्यूरो सदस्य महेश बस्नेतलगायतले लोकतन्त्र र मुलुकको रक्षाका लागि एमालेलाई एकताबद्ध र बलियो शक्ति बनाउनुपर्ने बताएका थिए। भदौ २३ र २४ गतेको 'जेन-जी' आन्दोलनपछि पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सरकार गठन र प्रतिनिधिसभाको विघटन भई आगामी फागुन २१ गते निर्धारित निर्वाचनको मिति घोषणा भएको थियो।

## मुख्यमन्त्री पाण्डेद्वारा क्षतिग्रस्त सरकारी कार्यालयको निरीक्षण

**काठमाडौं।** गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले 'जेन-जी' प्रदर्शनका क्रममा आगजनी र तोडफोड भएका तनहुँ जिल्लाका सरकारी कार्यालयको बुधबार निरीक्षण गरेका छन्। उनले गत भदौ २४ गते 'जेन-जी' प्रदर्शनका क्रममा आगजनी भएका विभिन्न कार्यालयको निरीक्षण गरेका हुन्।

उनले जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालत, जिल्ला समन्वय समितिको कार्यालयको निरीक्षण गर्दै क्षतिको विवरणबारे चासो राख्दै हाल भइरहेको सेवाप्रवाहका बारेमा जानकारी लिएका थिए। उनले जिल्ला प्रशासन कार्यालयका विभिन्न कक्ष, प्रमुख जिल्ला अधिकारीको निवास, अदालतका इजलास, विभिन्न कक्षहरूको निरीक्षण गरेका थिए। उक्त प्रदर्शनका क्रममा भएको आगजनी र तोडफोटबाट गण्डकी प्रदेशका धेरै जिल्लामा क्षति पुगेको भन्दै उनले वैकल्पिक व्यवस्थाका माध्यमबाट जनतालाई सहज रूपमा सेवा प्रवाह गर्न आग्रह गरे।

त्यस क्रममा जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीले हाल कार्यालयबाट नयाँ नागरिकता र प्रतिलिपिको काम सुरु गरिसकेको जानकारी गराए। प्रजिअ अधिकारीले आगजनी र तोडफोडबाट प्रशासन कार्यालयको भवन पुनः प्रयोग गर्न असुरक्षित रहेकाले अन्य कार्यालयमा व्यवस्थापन गरेर कार्यालयको सेवा सञ्चालन गर्नुपर्ने अवस्था रहेको बताए। 'हामीले केही कार्यालय हेरेर प्रशासन कार्यालय स्थानान्तरण गर्ने विषयमा पनि हेऱ्यौ, हालको कृषि ज्ञान केन्द्र अन्यभन्दा उपयुक्त देखिएको छ' उनले भने।

निरीक्षणका क्रममा गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठ, जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले, व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपाने, सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मी र प्रहरी उपरीक्षक टेकबहादुर कार्कीलगायत उपस्थित रहेका थिए।

## इलाम पहिरोमा ज्यान गुमाउने ३७ जना सबैको सनाखत

**काठमाडौं।** अविरल वर्षासँगै इलाममा आएको पहिरोमा परी ज्यान गुमाउनेको संख्या ३७ पुगेको छ। जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक एकनारायण कोइरालाले बेपत्ता रहेको तीन जनाको शव फेला परेसँगै इलाम पहिरोमा परी ३७ जनाले ज्यान गुमाएको पुष्टि गरेका हुन्।

पहिरोमा परी माईजोगमाई गाउँपालिका-६ का २८ वर्षीय किरण थेवे, १८ वर्षीया मनमाया थेवे, तीन वर्षीया मुनुसा थेवे, माईजोगमाई-३ का ८२ वर्षीय बर्मालल सोङमी, ७० वर्षीया बुद्धमाया सोङमी, ४६ वर्षीय धनबल सोङमी, ४२ वर्षीया सरला सोङ्मी र १४ वर्षीया प्रकृती सोङमीले ज्यान गुमाएका प्रहरीले पुष्टि गरेको हो। फाकफोकथुम गाउँपालिका-३ का २८ वर्षीय सुरेश लिम्बू, सूर्योदय नगरपालिका-१ की ६५ वर्षीया मनमाया क्षेत्री र १० वर्षीया रस्मिका क्षेत्री, इलाम नगरपालिका-६ का २३ वर्षीय समिर देउजाली, प्रवीण गुरुङ र बिराज पाखिन तामाङले पहिरोमा परी ज्यान गुमाएका छन्।

पहिरोमा परी देउमाई नगरपालिका-५ का २२ वर्षीय रोशन लिम्बू, २२ वर्षीया बेबिसा राई, ३० वर्षीय दीपक लिम्बू, २७ वर्षीया ऋषिका लिम्बू, १० वर्षीया दिपिस्का लिम्बू, देउमाई-३ का २८ वर्षीय कृष्ण मगर र माई नगरपालिका-५ की ८ वर्षीया प्रिन्सिखा मगरको ज्यान गएको छ। माङसेबुङ गाउँपालिका-१ का ५७ वर्षीया कृष्णमाया लिम्बू र ५० वर्षीया माया लिम्बू, सन्दकपुर गाउँपालिका-१ का ४३ वर्षीय भीमबहादुर राई, ६६ वर्षीया हरिमाया राई, ४७ वर्षीया देवी राई, ५४ वर्षीय शेखर राई, ७४ वर्षीया शारदा सेढाईं र ४८ वर्षीया तारादेवी राईको ज्यान गएको प्रहरीले जानकारी दिएको छ।

विभिन्न कामका कारण अन्य जिल्लाबाट इलाम आएका नागरिकले समेत सोही पहिरोमा परी ज्यान गुमाएका छन्। पहिरोमा परी झापाको अर्जुनधारा नगरपालिका-६ की ३२ वर्षीया अनु तामाङ र तीन वर्षीय आवास दनुवार, पाँचथरको फाक्तेपका नौ वर्षीय सौजन लिम्बू र ११ वर्षीय सौगात लिम्बू र मिक्लाजुङ गाउँपालिका-६ की १७ वर्षीया नेहा राईले ज्यान गुमाएका छन्।

यस्तै, दोलखाका ४५ वर्षीय दीप बस्नेत, ४४ वर्षीया भवानी बस्नेत र १२ वर्षीया दिव्या बस्नेतको समेत सोही पहिरोमा परी ज्यान गएको प्रहरीले बताएको छ। पहिरोमा परी बेपत्ता भएका इलाम नगरपालिका-६ का ४८ वर्षीय महेन्द्र लिम्बूको खोजीकार्य जारी रहेको समेत प्रहरी उपरीक्षक कोइरालाले जानकारी दिए। क्षतिको विवरण संकलन गर्ने कार्य जारी रहेको जानकारी दिँदै प्रहरी उपरीक्षक कोइरालाले सबैतिरबाट क्षतिको विवरण आउने क्रम जारी रहेको बताए। 'सडक अवरुद्ध, विद्युत र इन्टरनेटमा समस्याका कारण केही असहज छ, तथापि हामी लागिरहेका छौं' उनले भने।

यसैगरी, इलामको पहिरोमा परी घाइते भएका एक बालिकासहित चार जनालाई नेपाली सेनाको हेलिकोप्टरमार्फत थप उपचारका लागि झापा लगिएको छ। सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार अविरल वर्षाकारण इलामको सन्दुकपुर नगरपालिका-४ माबु इलाकामा पहिरोमा परी घाइते भएकालाई स्थानीय स्वास्थ्य चौकीमा प्राथमिक उपचारपछि हेलिकोप्टरद्वारा झापा अस्पताल पुऱ्याइएको छ।

निर्देशनालयका अनुसार, घाइतेमध्ये एक बालिकासहित तीन महिला र एक पुरुष जना पुरुषलाई अस्पताल पुऱ्याइएको हो। झापा मिनलनबस्ती इलाकामा सेनासहितका सुरक्षा फौजको सहयोगमा मोटर बोटबाट ४८, डुङ्गाबाट ३१ र पैदलबाट १२ जना गरी ९१ जनाको उद्धार गरी सुरक्षितस्थानमा राखिएको छ।

# हुम्ला, सोलुखुम्बु र उत्तरी गोरखामा असोजमै हिमपात

**काठमाडौं ।** धेरै चाँडोको मंसिर नभए पुस–माघ लागेपछि मात्रै हिउँ पर्ने उच्चपहाडी तथा हिमाली जिल्लामा यस वर्ष असोज महिनामै हिउँ परेको छ ।

यस वर्ष गोरखास्थित हिमालपारिको चुमनुब्री गाउँपालिका–१ साम्दोमा सोमबार हिमपात भएको हो । साम्दोमा हिमपात भएपछि जनजीवन सामान्य प्रभावित बनेको स्थानीय निमा ग्याल्जेन लामाले बताए । 'जाडो मौसममा पर्ने हिउँभन्दा अहिले परेको हिउँ धेरै गहुङ्गो हुन्छ । यस्तो हिउँले आलुलगायत बालीमा असर पुऱ्याउँछ' उनले चिन्ता थियो 'हाल बाक्लो हिमपात नभएकाले खेतीबालीमा असर देखिएको छैन ।' समुद्री सतहबाट तीन हजार ८९० मिटर उचाइमा अवस्थित साम्दोमा आलु र फापर मात्र उत्पादन हुन्छ ।

यसैगरी, हुम्लाको उच्च भेग उत्तरी नाम्खा गाउँपालिकाको यारी, हिल्सा, लिमीलगायत क्षेत्रमा समेत सोमबार साँझदेखि हिमपात भएको छ । हिमपातसँगै हिल्सामा चिसो बढेको स्थानीय सोनाम ग्याल्जेन लामाले बताए । सिमकोट गाउँपालिकाका उच्च क्षेत्रहरू पञ्चमुखी, रलिङ, सैपाललगायत खार्पुनाथका उच्च हिमालमा समेत हिमपात भएको छ । असोजमै हिमपात भएपछि सदरमुकाम सिमकोटमा एक्कासी चिसो बढेको स्थानीय मुक्ति रावतले बताए ।

सोलुखुम्बुमा समेत यसवर्ष असोजको तेस्रो सातामै हिउँ परेर खुम्बु क्षेत्र सेताम्य भएको छ । असोजमा हिउँ पर्नु दुर्लभ मानिने यस क्षेत्रमा हिमपात भएपछि स्थानीय, व्यवसायी र आरोहण टोली प्रभावित भएका स्थानीयले बताए । गत आइतबार बिहानदेखि सुरु भएको भारी वर्षापछि सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिकाको नाम्चेभन्दा माथिल्लो क्षेत्रमा हिउँ परेको छ । लगातारको वर्षा र हिमपातले दिङ्बोचे, लाबुचे, फेरेचे र गोक्यो क्षेत्र सेताम्य बनेको स्थानीय पासाङ शेर्पाले जानकारी दिए । खुम्बु पासाङल्हामु गाउँपालिदका–४ का अध्यक्ष लक्ष्मण अधिकारीका अनुसार आइतबार परेको हिमपातले खुम्बुको माथिल्लो क्षेत्रको छानामाथि चार फिटभन्दा बढी हिउँ जमेको थियो ।

'नाम्चेभन्दा माथिल्लो क्षेत्रमा परेको हिउँले जनजीवन प्रभावित बनाएको छ' अधिकारीले भने 'दिङ्बोचे क्षेत्रमा पाँच वटा होटल हिउँको भारले भास्सिएका छन्, तर मानवीय क्षति भने भएको छैन ।' जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका अनुसार दिङ्बोचे क्षेत्रका पाँच होटल जस्तासहितका संरचना हिउँको भार सहन नसकी भास्सिएको छ । कार्यालयका प्रहरी नायब उपरीक्षक (डिएसपी) मनोजित कुँवरले भने 'हिउँको भार र लगातारको वर्षाले छानाको संरचना भत्किँदा पाँच होटल भासिएका हुन् । मानवीय क्षति नभए पनि आर्थिक क्षति भने भएको छ ।' सामान्यतया मंसिरदेखि माघमा मात्र हिउँ पर्ने खुम्बुमा असोजमै हिउँ पर्नुलाई असामान्य मानिएको छ । सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी) का अध्यक्ष लामाकाजी शेर्पाले असोजमा हिउँ पर्नु जलवायु परिवर्तनको संकेत भएको बताए । उनले असोज महिनामा हिउँ पर्नु दुर्लभ घटना भएको बताए ।

# धनधान्यकी देवी महालक्ष्मीको पूजाआराधना गर्दै सकियो दसैं पर्व

**काठमाडौं ।** सोमबार धनधान्यकी देवी महालक्ष्मीको पूजाआराधना गरी यस वर्षको दसैं पर्व सकिएको छ । सारा नेपालीले भव्य रूपमा मनाउने दुर्गा पक्ष अर्थात बडादसैं पर्वको अन्तिम दिन सोमबार कोजाग्रत पूर्णिमाका अवसरमा साँझ घरघरमा महालक्ष्मीको पूजा आराधना गरिएको हो ।

धनधान्य एवं सम्पन्नताकी देवी महालक्ष्मीको पूजा आराधनासहित रात्रिमा जाग्राम बसेपछि १५ दिनअघि घटस्थापना गरी आरम्भ भएको बडादसैं पर्व सकिएको छ । शास्त्रीय मान्यताअनुसार सोमबार नै अखिल बलिपूर्ति भएसँगै विजयादशमीदेखि सुरु भएको नवदुर्गाको प्रसादस्वरूप टीका र जमरा लगाई मान्यजनबाट आशीर्वाद लिनेक्रम पनि सकिएको छ । यसै दिन जमरालाई नजिकको नदी, तलाउ, पोखरी आदि पवित्र तीर्थस्थलमा लगी विसर्जन गरिएको छ ।

यस दिन सायंकालमा महालक्ष्मीको पूजा आराधना गरी राति जाग्राम बसेका मानिसका घरमा पृथ्वी भ्रमण गर्दै हिँडेकी महालक्ष्मी प्रवेश गरी धन, ऐश्वर्य दिइ सम्पन्न बनाउने धार्मिक विश्वास रहँदै आएको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका अध्यक्ष प्रा शम्भुप्रसाद ढकाल बताए । लक्ष्मीपूजाको १५ दिनअघि पर्ने यस पर्वमा महालक्ष्मीको आराधना गरी विशेष महत्त्वका साथ मनाउने गरिँदै आएको पनि उनले बताए ।

# कमजोर हुँदै मनसुन, वर्षाले १८ राजमार्ग पूर्ण अवरुद्ध

**काठमाडौं ।** जल तथा मौसम विज्ञान विभागले बिहीबार लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पश्चिमी भागका धेरै र गण्डकी प्रदेशका पश्चिमी भेगका केही स्थानमा पश्चिमी वायुको प्रभाव रहेको तथा बाँकी भूभागमा मनसुनी एवं स्थानीय वायुको प्रभाव कमजोर रहेको जनाएको छ ।

बिहीबार दिउँसो कोशी प्रदेशलगायत देशका पहाडी भागमा आंशिक बदली रही बाँकी भागमा मुख्यतया मौसम सफा रहने छ । देशका पहाडी भागका एकदुई स्थानमा हल्का वर्षाको सम्भावना छ । विभागका अनुसार बिहीबार राति कोशी, वाग्मती र गण्डकी प्रदेशका पहाडी भागमा आंशिक बदली रही बाँकी भागमा मुख्यतया मौसम सफा रहने छ । साथै यी प्रदेशका पहाडी भागका एकदुई स्थानमा हल्का वर्षाको सम्भावना छ ।

यसअघि सोमबार भएको वर्षाका कारण आएको बाढीपहिरोबाट देशभरका १८ राजमार्गमा यातायात सेवा पूर्ण रूपमा अवरुद्ध बनेको थियो । प्रहरी प्रधान कार्यालयका अनुसार सङ्खुवासभाको भोटखोला गाउँपालिका–४ स्थित कोशी राजमार्ग, मकालु गाउँपालिका–३ स्थित कोशी राजमार्ग पूर्णरूपमा अवरुद्ध भएको छ ।

यस्तै, ओखलढुङ्गाको मानेभञ्याङ गाउँपालिका–६ र ७ जोड्ने सिद्धिचरण लोकमार्ग, उदयपुरको कटारी नगरपालिका–१४ दलदलेमा रहेको सिद्धिचरण राजमार्ग पूर्णरूपमा अवरुद्ध भएको केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले जानकारी दिए । बाढीपहिरोका कारण धनकुटाको पाख्रिबास नगरपालिका–५ ढिकुरेस्थित मध्यपहाडी लोकमार्ग, धनकुटाकै साँगुरीगढी गाउँपालिका–१ स्थित कोशी लोकमार्ग, इलामको इलाम नगरपालिका–९ राजदुवालीलगायत मेची राजमार्गका विभिन्न स्थान अवरुद्ध भएका छन् ।

रसुवाको गोसाईंकुण्ड गाउँपालिका–२ स्थित नेपाल चीन मितेरी पुल, सोही गाउँपालिका–५ स्याफ्रुबेँसी लगायतका चार स्थानमा पूर्णरूपमा बाटो अवरुद्ध भएको प्रहरीले जनाएको छ । सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका–४ चारकिलोस्थित अरनिको राजमार्ग, काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका–११ माम्तीखोलास्थित बिपी राजमार्ग पूर्णरूपमा अवरुद्ध भएको छ ।

यस्तैगरी, मकवानपुरको बकैया गाउँपालिका– ११ घट्टेखोलास्थित कान्ति लोकपथ, मकवानपुरकै भीमफेदी गाउँपालिका–८ स्थित कान्ति लोकपथ, मकवानपुरकै इन्द्रसरोवर गाउँपालिका–३ स्थित कुलेखानी दक्षिणकाली सडक पूर्णरूपमा अवरुद्ध भएको प्रहरी प्रवक्ता घिमिरेले बताए । बाढीपहिरोका कारण सिन्धुलीको फिक्कल गाउँपालिका–६ नागस्थानस्थित मध्यपहाडी लोकमार्ग र सिन्धुलीकै सुनकोशी गाउँपालिका–१ नेपालथोकस्थित बिपी राजमार्गसमेत अवरुद्ध भएको प्रहरीले जनाएको छ ।

# 'फौजदारी कसुरमा संलग्नलाई कारबाही गर्न आयोगको प्रतिवेदन कुर्नु पर्दैन'

**काठमाडौं ।** भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोग, २०८२ ले फौजदारी कसुरमा संलग्नलाई नेपाल सरकारका संयन्त्रहरूबाट तत्काल अनुसन्धान र कारबाही गर्न प्रतिवेदन कुर्न नपर्ने जनाएको छ ।

आयोगका सदस्य विज्ञानराज शर्माद्वारा जारी विज्ञप्तिमा आयोगबाट कार्यादेशबमोजिम रायसहितका प्रतिवेदन प्राप्त भएपश्चात् नेपाल सरकारले कानुनबमोजिम गर्ने भन्ने गृह मन्त्रालयबाट यही असोज ९ गते जारी विज्ञप्तिप्रति आयोगको ध्यानाकर्षण भएको उल्लेख छ । आयोगलाई भौतिक एवं मानवीय क्षतिसँग सम्बन्धित सूचना वा निवेदन ग्रहण गरी विश्लेषण गर्ने र कारबाहीका सम्बन्धमा आवश्यक राय दिने कार्यादेश रहेको विज्ञप्तिमार्फत स्मरण गराइएको छ ।

'जेन–जी' प्रदर्शनका क्रममा काठमाडौंलगायत मुलुकका विभिन्न भागमा भएका भौतिक एवं मानवीय क्षतिको यथार्थ छानबिन गरी प्रतिवेदन पेस गर्न उक्त आयोग गठन भएको थियो । आयोगले यही असोज ९ गतेदेखि कार्य प्रारम्भ गरिसकेको छ ।

# कोसी ब्यारेजका ५६ ढोका खोलिए : तटीय क्षेत्रमा सतर्कता रहन आग्रह

**काठमाडौं ।** गत शुक्रबार र शनिबारदेखिको लगातार वर्षाले सप्तकोशी नदीको जलवहाव बढेपछि कोशी ब्यारेजमा सबै ५६ ढोका खोलिएका छन् । सुनसरी प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले कोशीमा पानीको वहाव प्रतिसेकेन्ड तीन लाख ३५ हजार ३६० क्युसेकभन्दा बढी भएपछि ५६ ढोका खोलिएको बताएका हुन् । उनले नदीमा निरन्तर जलमापन भइरहेको समेत बताए ।

आइतबार बिहान ८:१५ बजे गरिएको जल सतह मापनमा कोशी ब्यारेजमा पानीको प्रवाह प्रतिसेकेण्ड तीन लाख ३५ हजार ६० क्युसेक पुगेपछि ५० ढोका खोलिएको थियो । 'पानीको सतह निरन्तर बढेपछि कोशी ब्यारेजमा जोखिमको संकेतस्वरूप रातो बत्ती बालिएको छ भने रातो झण्डा फहराइएका छन्' उनले भने । सप्तकोशी जलमापन कन्ट्रोल रुमले जलसतह जोखिम विन्दुभन्दा माथि पुगेको जानकारी दिएको छ ।

बाढीले उदयपुर र सुनसरीका केही क्षेत्रमा जोखिम हुने भन्दै प्रजिअ मिश्रले तटीय क्षेत्रका बासिन्दालाई सतर्कता अपनाउन आग्रह गरेका थिए ।

# देशभर भारी, धेरै भारी र अति भारी वर्षा

**काठमाडौं ।** गत शुक्रबार र शनिबारको वर्षाले पश्चिम नेपालबाहेकको जनजीवन प्रभावित बनाएको छ । जल तथा मौसम विज्ञान विभागले आइतबार सार्वजनिक गरेको बुलेटिन अनुसार मौसम बदली कायम रही मनसुनी वायुको प्रभावले पूर्वी नेपाल थप प्रभावित बनाइरहेको छ ।

बुलेटिनका अनुसार कोशी प्रदेशका अधिकांश तथा मधेस प्रदेश र बागमती प्रदेशका केही भागमा वर्षा हुनेछ । कोशी प्रदेशका केही जिल्ला अति भारी वर्षा हुने र कोशी जलाधार क्षेत्रमा पर्ने साना ठूला नदीहरूमा बहाव बढ्ने विभागको बाढी पूर्वानुमान शाखा प्रमुख विनोद पराजुली जानकारी दिए । इलामलगायत पहाडी जिल्लामा बढी वर्षा हुँदा पहिरोको पनि उत्तिकै जोखिम रहेको उनले बताए । जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाका मौसमविद रोजन लामिछानेका अनुसार विभागले १० मिलिमिटरभन्दा कम वर्षालाई हल्का, दश मिलिमिटरभन्दा माथि र ५० मिलिमिटरभन्दा तलको वर्षालाई मध्यम, ५० मिलिमिटरदेखि माथि १०० मिलिमिटरभन्दा तलको वर्षालाई भारी तथा १०० मिलिमिटरभन्दा माथि २०० मिलिमिटरभन्दा तलको वर्षालाई धेरै भारी वर्षा र २०० मिलिमिटरभन्दा माथिको वर्षालाई अति भारी वर्षा भन्ने गरिएको छ । विभागले वर्षाको जस्तै बदलीका बारेमा समेत बादल नभएको अवस्थालाई मौसम सफा, आकाशको २५ प्रतिशत भागमा बादल लागेको अवस्था मुख्यतया सफा भन्ने गरेको छ भने २६ देखि ५० प्रतिशतसम्म बादल लागेको अवस्थालाई आंशिक बदली ५१ देखि ७५ प्रतिशत बादल लागेको अवस्थालाई साधारणतया बदली भन्ने गरेको पनि मौसमविद रोजनले बताए ।

उनका अनुसार आकाशमा ७६ प्रतिशतमाथि ८८ प्रतिशतसम्म बादल लागेमा अधिकांश क्षेत्रमा बदली १०० प्रतिशत बादल लागे पूर्ण बदली भन्ने गरिएको जानकारी दिए ।

# अविरल बर्षात्का कारण प्रमुख आठ नदीमा खतराको तह पार

**काठमाडौं ।** अविरल वर्षातका कारण आइतबार देशका विभिन्न आठ नदीले खतराको तह पार गरेका छन् । जल तथा मौसम विज्ञान विभागका आइतबार बिहानसम्मको अद्यावधिक 'रेकर्ड'अनुसार बागमती, सुनकोशी, अरुण, तमोर, कन्काई, बूढीखोला–सुनसरी, बिरिङ खोला झापालगायत नदीका बाढी मापन केन्द्रहरूमा बाढीले खतराको तह पार गरेका हुन् ।

विभागको बाढी पूर्वानुमान शाखा प्रमुख विनोद पराजुलीका अनुसार अन्य १२ नदी केन्द्रहरूमा जलसतह सतर्कता तहभन्दा माथि रहेको छ । उनका अनुसार कोशी प्रदेशमा बढ्दो, बागमती र मधेस प्रदेशका केहीमा स्थिर र केहीमा घट्दो क्रममा रहेको छ । कोसी, मधेस र बागमती प्रदेशका अन्य सबै नदीनालाहरूमा बहाव सतर्कता तह नजिक रहेको बाढी पूर्वानुमान शाखाले जनाएको छ । बागमती प्रदेश र मधेस प्रदेशको क्षेत्रमा वर्षाको तीव्रता विस्तारै घट्न सुरु गरेको छ भने कोशी प्रदेशको धेरै स्थानमा मध्यमदेखि भारी वर्षा भइरहेको पनि जनाइएको छ । जुन क्रम अबको केही घण्टा कायम रहन सक्ने देखिएको विभागले आइतबार बिहान जारी गरेको सूचनामा उल्लेख छ । ती नदीमा आइतबार बेलुकीसम्मै बाढीको उच्च जोखिमको रहेको जानकारी दिँदै महाशाखाले सोमबार बिहानसम्म मध्यम जोखिम रहेको जनाएको थियो । गत शुक्रबारदेखि परेको पानीले पर्साको वीरगञ्ज महानगर क्षेत्र डुबानको उच्च जोखिममा बढेसँगै जिल्ला प्रशासन कार्यालयले पर्सामा अत्यधिक वषा वर्षा हुन थालेपछि आवश्यक सतर्कता र सावधानी अपनाएको पर्साका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले बताए । सोही वर्षाका कारण म्याग्दी जिल्लास्थित बेनी नगरपालिका–४ र मंगला गाउँपालिका–२ को सिमानामा रहेको फापरखेतको पहिरोले जिल्ला सदरमुकाम बेनी बजारसँग जोड्ने बेनी–दरवाङ सडकमा यातायात प्रभावित बनाएको थियो ।

अविरल वर्षाका कारण भक्तपुर जिल्लाका विभिन्न स्थानमा पहिरोबाट सडक अवरुद्ध हुनु साथै डुबान समेत भएको छ । गत शुक्रबारदेखि परेको पानीका कारण अरनिको राजमार्गअर्न्गत सूर्यविनायक साँगा सडकखण्डमा पहिराले बाटो अवरुद्ध भएको छ । हनुमन्ते खोलामा आएको बाढीले आसपास क्षेत्रमा डुबान समेत भएको छ । चाँगुनारायण–६, कमलविनायक–खरिपाटी–नगरकोट सडकखण्डमा मुहान पोखरी, तेलकोट, बास्तोला गाउँलगायतको ठाउँहरूमा सडकको भित्ताहरूमा स–साना पहिरो खसेको र बास्तोला गाउँको पहिरो स्काभेटरको सहायतले पन्छाएर सडक खुलाइएको हो ।

# बाढीपहिराको कहर : सडक सञ्जाल र विद्युत् सेवा अवरुद्ध

**काभ्रे ।** गत शुक्रबारदेखि लगातार तीन दिनसम्म परेको अविरल वर्षातका कारण आएको बाढीपहिरोले जिल्लाका चारवटा स्थानीय तहमा सडक सञ्जाल र विद्युत सेवा अवरुद्ध भएका छन् । विद्युत सेवा अवरुद्ध हुँदा कतिपय ग्रामीण क्षेत्रमा सञ्चार सेवा अवरुद्ध भएको छ भने सडक अवरुद्ध हुँदा आजवजावतमा केही दिन पर्खनुपर्ने भएको छ ।

जिल्लाको खानीखोला, महाभारत, रोशी र बेथानचोक गाउँपालिका जाने सडक पहिरोले अवरुद्ध भएका छन् । केही गाउँपालिकाले भने सोमबारदेखि आवश्यक उपकरणसहित सडक खुलाउन थालिएको छ । बाढीपहिरोले अति विकट महाभारत पर्वत श्रृङ्खलापारि (डाडाँपारी) का दुई गाउँपालिका जाने सडक पूर्णरूपमा बन्द भएको हो । विशेषगरी त्यस क्षेत्रका दुई गाउँपालिका खानीखोला र महाभारत जाने सडक खुल्न हप्ता दिन लाग्ने स्थानीय तहका जनप्रतिनिधिले बताएका छन् । महाभारतमा सडक, विद्युत र सञ्चार–सम्पर्कबाट विच्छेद भएको छ । सडक अवरुद्ध भएका कारण महाभारत जाने कुनै विकल्पिक सडक नभएको अध्यक्ष कान्छालाल जिम्बाले बताए । उनका अनुसार गाउँपालिका कार्यालय जाने मुख्य सडकसहित विभिन्न वडामा जाने सबै सडक विभिन्न ठाउँमा अवरुद्ध भएको छ । मुख्य गरी महाभार जाने बिपी राजमार्गसँग जोडिएका चौकीडाँडा–सिपाली, पिन्थली–रजवास, मंगलटार–डाडाँखर्क र पिप्ले–भीमखोरी खण्डका सडक सबै अवरुद्ध भएको उनले बताए ।

यस्तै, डाँडापारी अवस्थित गाउँपालिका खानीखोला जाने सबै सडक अवरुद्ध भएकाले मर्मत गरी सडक खुलाउन केही समय लाग्ने अध्यक्ष इन्द्रबहादुर थिङले बताए । उनका अनुसार सोमबारदेखि सडक खुलाउन मेसिन प्रयोग भइसकेको छ । उनले एक/दुई दिनमै विद्युत सेवा सञ्चालन गर्न आवश्यक जनशक्ति खटाएको बताए । रोशीको सडकअन्तर्गत बिपी विभिन्न स्थानमा अस्थायी डाइभर्सन कटान गरेपछि विभिन्न वडा जाने सडक अवरुद्ध भएको छ । चौकीडाँडा र घुमाउनेमा सडक बनेपछि मात्र गाउँपालिका केन्द्र सडक सञ्जालसँग जोडिने अध्यक्ष दिनेश लामाले बताए । उनले रोशीमा विद्युत सेवा आंशिक रूपमा अबवरुद्ध भएकाले तत्काल पूर्णरूपमा सेवा नियमित गर्न लागिएको बताए । बेथानचोकमा अबरुद्ध सडक खुलाउन जनप्रतिनिधिहरू सक्रिय भएका छन् । अबरुद्ध मुख्य सडकलाई खुलाउन गाउँपालिका कार्यालयबाट अन्य वडा जोडिने सडकलाई खुलाउन आवश्यक मेसिनहरू प्रयोग भइरहेको गाउँपालिका अध्यक्ष भगवान अधिकारीले बताए । बाढीपहिरोले काभ्रेमा दुईको मृत्यु समेत भएको छ ।

## राजदूत–कूटनीतिज्ञ...

उत्तरदायित्व, सुशासन, पारदर्शिता, भ्रष्टाचारमुक्त नेपाल, रोजगारी सृजना र चुस्त एवं प्रविधिमैत्री सेवा प्रवाहको अपेक्षा राखेका छन्। यी अपेक्षा अप्राप्य अपेक्षा पनि होइनन्। सार्वभौम जनताले आफूद्वारा अनुमोदित सरकारबाट सुशासनको माग गर्नु सर्वथा स्वाभाविक विषय हो।

यो सरकारको प्रमुख प्राथमिकता निर्वाचन भए पनि देशमा सुशासन स्थापना गर्ने कार्यमा उच्चतम् मानक स्थापना गर्नेगरी काम गर्न म प्रतिबद्ध छु। यही प्रतिबद्धताका साथ तपाईहरू सबैले आफ्नो कार्य सम्पादन गर्नुहुनेछ। आफ्नो कर्तव्य र इमानमा सम्झौता गर्ने कुनै पनि प्रकारको व्यवहारलाई सहन गरिने छैन।

जेनजीको चाहनाबमोजिम गठित वर्तमान सरकारलाई नेपाली जनता र अन्तरराष्ट्रिय समुदाय सबैको सद्भाव रहेको छ। छिमेकी राष्ट्रहरू भारत र चीनसहित सबै मित्रराष्ट्रहरू, विकास साझेदारहरू लगायत सबैको सद्भाव र समर्थन रहेको परिप्रेक्ष्यमा जेनजीको चाहनाबमोजिम वर्तमान सरकारले आफ्नो म्यानडेट समयमै सफलतापूर्वक सम्पन्न गर्ने कुरामा म सबैलाई विश्वस्त गराउन चाहन्छु।

हाल लाखौं नेपाली युवा दिदीबहिनी र दाजुभाईहरू रोजगारी, अध्ययन, जागिर, पेसालगायतका कामका सिलसिलामा संसारका विभिन्न मुलुकमा हुनुहुन्छ। देशमा भएको यति ठूलो परिवर्तनमा उहाँहरूको योगदान, साथ र सहयोग रहेको छ, र अपेक्षा पनि उत्तिकै रहेको छ।

खाडी मुलुकहरू र मलेशियामा उल्लेख्य संख्यामा नेपालीहरूले काम गर्नुहुन्छ। उहाँहरूको हकहितको सुरक्षा एवं अधिकार र मागहरू प्रति हामी संवेदनशील हुनुपर्दछ। तत्कालका लागि नियोगहरूबाट उहाँहरूका समस्याहरू समयमै प्रभावकारी ढङ्गले समाधान गर्न र सेवा प्रवाह अझ चुस्तदुरूस्त र प्रविधिमैत्री बनाउँदै लैजानुपर्ने देखिन्छ भने दीर्घकालमा नेपालमै रोजगारीका अवसरहरू सृजना गरी सबै मिलेर यो देशको विकासमा लाग्नुको विकल्प छैन।

जेनजी पुस्ताका मागहरू राजनीतिक, आर्थिकलगायत समग्र शासकीय प्रबन्धसँग सम्बन्धित छन् र ती दूरगामी प्रकृतिका समेत रहेका छन्। ती मागहरू पूरा गर्ने अत्यन्त ऐतिहासिक र अभूतपूर्व अवसर सृजना भएको छ। गत २०८२ भदौ २७ गते मेरो नेतृत्वमा गठित यो अन्तरिम सरकारको प्रमुख लक्ष्य भनेकै सुशासनका स्तम्भलाई सुदृढ पार्नु र आगामी आमनिर्वाचन सफलतापूर्वक सम्पन्न गर्नु हो। नेपालको लोकतान्त्रिक मार्गलाई मजबुत बनाउने यही नै अहिलेको अनिवार्य आवश्यकता हो।

नेपाल अहिले एक निर्णायक राजनीतिक सङ्क्रमणको मोडमा छ। यो बेलामा परराष्ट्र मन्त्रालयलगायत अन्तर्गतका निकायहरूले खेल्नुपर्ने भूमिका ठूलो छ। यस सन्दर्भमा म खासगरी पाँचवटा महत्त्वपूर्ण विषयहरूमा यहाँहरूले विशेष ध्यान केन्द्रित गर्नुहुन आग्रह गर्दछुः

१. पहिलो, नेपालमा भएको यति ठूलो आन्दोलन, परिवर्तनका लागि नागरिकको चाहना र अन्तरिम सरकारको प्राथमिकताका बारेमा यहाँहरू कार्यरत र सहप्रमाणिकृत मुलुकका सरकारी निकायलगायतका सबै सरोकारवालाहरूलाई जानकारी गराउन आवश्यक देखिएको छ।
२. दोस्रो हो ५ मार्च २०२५ मा हुने आमनिर्वाचन लोकतन्त्रको मुख्य आधार नै स्वतन्त्र, निष्पक्ष र भयमुक्त निर्वाचन हो। यस विषयमा वर्तमान सरकार दृढ र प्रतिबद्ध छ। यहाँहरूको कार्यक्षेत्रका सरकारी निकाय, अन्तर्राष्ट्रिय संस्था र साझेदारहरूसँग यस विषयमा जानकारी र आवश्यक समन्वय जरुरी छ। कुनै मित्रराष्ट्रबाट खास प्राविधिक लगायत अन्य सहयोग लिनुपर्ने अवस्थामा हामीले छुट्टै र छिट्टै यहाँहरूलाई जानकारी गराउने छौं। यसबाहेक निर्वाचनताका अन्तर्राष्ट्रिय प्रचलन अनुरूप गरिने निर्वाचनको पर्यवेक्षणका सम्बन्धमा पनि निर्वाचन आयोगले आवश्यक तयारी शुरू गरेको छ। यी विषयमा सम्बन्धितसँग सम्पर्क र समन्वयमा बस्नुपर्ने हुन्छ। विदेशमा अस्थायी रूपमा रहेका नेपाली नागरिकहरूले निर्वाचनमा मतदान गर्न पाउने विषयमा गृहकार्य भइरहेको छ। उनीहरूलाई कसरी निर्वाचनमा सहभागी गराउन सकिन्छ भन्नेबारेमा सूचना सङ्कलन तथा सुझावको अपेक्षा गरेका छौं।
३. तेस्रो, राहत, पुनर्निर्माण र आर्थिक पुनरुत्थानका लागि सरकारले भौतिक पूर्वाधार पुनर्निर्माण कोष (Physical Infrastructure Reconstruction Fund) स्थापना गरेको छ। यस प्रकारको आधिकारिक कोष सञ्चालनबाट स्रोतको सही, पारदर्शी र समुचित उपयोग हुने र समानान्तर र अपारदर्शी ढङ्गको स्रोत सङ्कलन र दुरूपयोग हुन नदिने उद्देश्य राखिएको छ। सबै नियोगहरूलाई बैंक खाता नम्बर सहितको जानकारी उपलब्ध गराइसकिएको छ। यस विषयमा नियोगहरूबाट प्रचारप्रसार आवश्यक छ।
४. चौथो, आन्दोलनपश्चात् नेपालको पर्यटन क्षेत्रमा आघात परेको छ। पर्यटनको उच्च सिजनको महिना अक्टोबरमा पूरा क्षमताको ७० प्रतिशतको हाराहारी हुनुपर्ने होटल बुकिङ्गहरू हाल ३० प्रतिशतको हाराहारीमा झरेको छ। यस सम्बन्धमा हाल नेपालमा परिस्थिति सामान्य भइसकेको र पर्यटन, व्यापार, लगानी लगायतका आर्थिक गतिविधिहरू पूर्ववत् रूपमा सञ्चालनमा आइसकेको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउन अत्यावश्यक भएको छ। साथै, आन्दोलनका क्रममा कुनै पनि विदेशी पर्यटकलाई लक्षित नगरिएको र बरु उनीहरूलाई सहयोग गरिएको दृष्टान्तहरूबाट असहज परिस्थितिमा पनि अतिथि देवो भवः को विशिष्ट नेपाली संस्कृति प्रदर्शन भएको विषय पनि स्मरणीय छ।
५. पाँचौं, हाल लाखौं नेपाली नागरिकहरू कामका सिलसिलामा विदेशमा रहेको विषय मैले अघि नै उल्लेख गरिसकेको छु। विदेश जाने क्रम बढेसँगै त्यहाँ रहेका नेपालीहरूसँग सम्बन्धित कामहरू बढेका छन्। उनीहरूलाई आवश्यक सेवा प्रवाह प्रभावकारी बनाउनु र उनीहरूको सम्मान, मर्यादा र हकहितको सुरक्षा गर्नु अत्यावश्यक छ। हाल सयौं नेपालीहरू विदेशी जेलमा छन, सयौंको ज्यान गुमेको अवस्था छ। क्षतिपूर्तिका लागि परिवारहरू भौतारिरहेको दुःखद् अवस्था रहेको छ। विदेशमा रहेका नेपालीहरू र नेपालमा रहेका उनीहरूका परिवारले मन्त्रालय र अन्तर्गतका विभागहरू र नियोगहरूबाट चुस्त, पारदर्शी र प्रभावकारी सेवा प्रवाहको अपेक्षा राखेका छन्। जेनजी आन्दोलनपश्चात् कुशल, तटस्थ, पारदर्शी, उत्तरदायी, निष्पक्ष, प्रविधिमैत्री र प्रभावकारी सेवा प्रवाह र कार्यसम्पादनमा सबैको अपेक्षा बढेको छ। हामी सार्वजनिक र कानूनी उत्तरदायित्वबाट पन्छिन मिल्ने अवस्था छैन।

विदेशमा अन्य सेवाका अतिरिक्त उद्धार, शव झिकाउने, क्षतिपूर्ति लगायतका कन्सुलर सेवाहरू स्थानीयस्तरमै सबैले घरबाटै सहजै प्रयोग गर्न सकिने गरी अनलाईन प्रणालीको विकास गरिएको परिप्रेक्षमा यसको उच्चतम प्रयोगका लागि प्रचारप्रसार र सचेतना बढाउनुपर्ने आवश्यकता छ। तसर्थ, यी लगायतका विषयको उचित सम्बोधन, समन्वय र नियमित प्रतिवेदनका लागि नियोग प्रमुखहरूले आवश्यक प्रबन्ध मिलाउनुहोला।

समस्याहरू अरू पनि छन्। भिजिट भिसाको दुरूपयोगबाट उत्पन्न समस्या लगायत अन्य निकायसँग समन्वय गनुपर्ने विषयमा मन्त्रालय र विभागहरू सक्रिय छन्। रोजगारीको सिलसिलामा विदेश जाने नेपाली दाजुभाई दिदीबहिनीहरूलाई विचौलियाको शोषणबाट बचाउन आवश्यक सबै उपाय अवलम्बन गर्नुपर्दछ। यस विषयमा नियोगहरूबाट पनि ठोस सुझावको अपेक्षा गरिएको छ।

**महामहिमज्यूहरू,**

हालको हाम्रो राष्ट्रिय परिस्थितिसँगै विश्व मामिला र व्यवस्था नियाल्दा हामीले के देखेका छौं भने आजको विश्व राजनीतिक तथा आर्थिक अस्थिरता र सम्भावनाको सङ्गम बनेको छ। एकातिर, विभिन्न खाले भूराजनीतिक प्रतिस्पर्धा र द्वन्द्वले विश्वव्यापी अनिश्चितता सिर्जना गरिरहेका छन् भने अर्कातिर, विश्व समुदाय दिगो विकास, जलवायु न्याय र समावेशी प्रविधिको नयाँ युगमा प्रवेश गरिसकेको छ। सबै देशहरू विकास, प्रविधि, क्षमता र साधनस्रोतमा समान छैनन्। तसर्थ चुनौतीहरू त छन् नै तर नेपालजस्ता देशका लागि नयाँ अवसरहरू पनि देखिएका छन्। त्यसकारण राष्ट्र हितलाई केन्द्रमा राखी हामीले अझ प्रभावकारी कूटनीति सञ्चालन र सक्रियता प्रदर्शन गर्नु अपरिहार्य देखिन्छ।

अतिकम विकसित राष्ट्रबाट आगामी बर्ष स्तरोन्नति हुने लगायत दिगो विकासका लक्षहरू हासिल गर्न हामीले मित्रराष्ट्रहरूसँग रहिआएको सहयोगात्मक सम्बन्धलाई अझै बलियो बनाउँदै एवं बहुपक्षीय र क्षेत्रीय संगठनहरूसँगको सहकार्यलाई बढाउँदै परस्पर लाभदायी सहयोग, सहकार्य, दिगो लगानी र साझा समृद्धितर्फ अघि बढ्नुपर्ने देखिन्छ। बहुपक्षीय र क्षेत्रीय मञ्चहरूमा नेपालको प्रभावकारी भूमिका स्थापित गर्न साधन र स्रोतले भ्याएसम्मका नेतृत्वदायी जिम्मेवारीहरू लिने र नेपालको सकारात्मक छवि बढाउँदै जानुपर्छ।

हालैमात्र इलाम लगायतका जिल्लाहरूमा बाढीपहिरोबाट धेरै क्षति पुगेको सन्दर्भमा बर्षेनी नेपाल जस्ता राष्ट्रले बेहोर्नुपर्ने यस प्रकारका प्राकृतिक प्रकोपहरूसँग जुध्न, जलवायु परिवर्तनसँग सम्बन्धित अन्तर्राष्ट्रिय कोषहरूबाट लाभ लिन र वित्त, साधनस्रोत र प्रविधिसँग जोडिएका विषय केन्द्रित (ष्ककगभ-दबकभम) छलफलहरूमा समन्वयात्मक र प्रभावकारी तयारी सहित सहभागी भई परिणाममा देखिने गरी नेपालको हित प्रवर्द्धन गर्नु आवश्यक छ।

त्यसैगरी, एकातिर नेपालको आर्थिक कूटनीति प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकता छ भने अर्कोतिर सौम्य शक्ति (Soft Power) का आधारस्तम्भहरूको पहिचान र प्रवर्द्धनका माध्यमबाट विश्व समुदायमा नेपालको प्रतिष्ठा र छवि अभिवृद्धि गर्न सार्वजनिक कूटनीति सबल बनाउँदै लैजानुपर्ने देखिन्छ। साथै, श्रम आप्रवासन र गैरआवासीय नेपालीसँग सम्बन्धित विषयहरूको कानुनी, नीतिगत र कार्यकुशलताका माध्यमबाट उचित सम्बोधन हुनु पनि जरुरी देखेको छु।

यी सबै काम प्रभावकारी र परिणाममुखी बनाउन परराष्ट्र मन्त्रालय र अन्तर्गतका विभागहरू र नियोगहरूको क्षमता बढाउँदै लैजानुपर्ने देखिन्छ। हाम्रा नियोगहरूलाई साधनस्रोत सम्पन्न बनाउँदै लैजानुपर्ने त छँदैछ, भएको साधनस्रोतको समुचित उपयोग गर्नेतर्फ विशेष ध्यान दिनुपर्ने आवश्यकता रहेको छ।

अन्त्यमा, हामी इतिहासको एक महत्त्वपूर्ण कालखण्डमा उभिएका छौं। आ-आफ्नो भूमिका र जिम्मेवारीलाई प्रभावकारी रूपमा बहन गरेर हामी अगाडि बढ्नु नै अहिलेको आवश्यकता हो। सुशासन र प्रभावकारी सेवा प्रवाहका साथसाथै आम निर्वाचनका माध्यमबाट जेन-जी पुस्ताको चाहनाबमोजिमको परिवर्तनलाई आत्मसाथ गर्ने यस ऐतिहासिक जिम्मेवारीमा हामी अवश्य सफल बन्नेछौं। यस दिशामा नियोगहरूको महत्त्वपूर्ण भूमिका छ। देश र जनताको सेवालाई केन्द्रभागमा राखेर पहिलेको भन्दा बढी जिम्मेवारी बोध र सेवाभावले नियोगको कार्यलाई गतिमय बनाउनुहोला। प्रधानमन्त्री र अहिले परराष्ट्रमन्त्री समेतको हैसियतले यहाँहरूलाई मेरो पूर्ण सहयोग रहिरहने छ। धन्यवाद।

## चुनावमा जाने...

सहभागी हुनुपर्ने आवश्यकतातर्फ औंल्याएका थिए। 'माओवादीले सक्रियताका साथ निर्वाचनमा भाग लिन्छ। अन्य राजनीतिक दलसँग पनि कुराकानी भइरहेको छ। केही समयपछि त्यसको परिणाम देखिन्छ' उनले पछिल्लो राजनीतिक परिस्थितिमा माओवादी कसरी अघि बढ्नुपर्छ भनेर केन्द्रीय समिति बैठकबाट निर्णय गरिसकेको स्पष्ट पारे।

माओवादीले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा सक्रिय सहभागिता जनाउने निर्णय गरिसकेको छ। राजनीतिक दलभित्र पुस्तान्तरणसम्बन्धी बहसलाई निष्कर्षमा पुर्‍याउन माओवादीले मौजुदा केन्द्रीय समिति भंग गरेर आगामी मंसिरमा विशेष महाधिवेशन गर्ने पनि निर्णय गरिसकेको छ।

**चाडपर्वप्रति सम्मान गरौं !**

- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- सभ्य, शिष्ट र मर्यादित रूपमा चाडपर्व मनाऔं,
- असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौं,
- एकअर्काका चाडपर्वप्रति सम्मान गरौं,
- अरूलाई नकारात्मक असर पार्ने गतिविधि नगरौं,
- धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं